लोकतन्त्रप्रति पूर्ण समर्पित


साप्ताहिक

# नयाँ विमर्श

Naya Bimarsha Weekly

वर्ष १९, अंक ३१, २०८२ फागुन २९ गते शुक्रबार (March 13, 2026) मू.अ.क.नं.३०४९७३८१५ मूल्य रू.१०।- (संस्थागत रु.१५।-) website: www.nayabimarsha.com

## चैतको दोश्रो साता बालेन सरकार



काठमाडौं/ गत फागुन २१ गते भएको प्रतिनिधिसभाको निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) दुई तिहाई सदस्यमा विजय प्राप्त गरेको छ। यो निर्वाचनमा ठूला दलहरु किनारा लागेका छन् र रास्वपालाई नसोचेको परिणाम हात लागेको छ।

नेपाली काँग्रेसले अस्तित्व जोगउन सफल भएपनि अनुभवी नेताहरुले हार व्यहोर्न पुगेका छन्। हालको नेकपा तात्कालीन नेकपा (माओवादी)२०४८ कै अवस्थामा फर्किएको छ। यता, नेकपा (एमाले) पनि 'किन चाउरिस् मरिच?, आफ्नै पिरोले' भनेझैं भएको छ। अबको प्रतिनिधिसभाको बैठकमा एमालेका अध्यक्ष खड्गप्रसाद ओलीको उखान तुक्का, माधव कुमार नेपालको कचकच र मधेशवादी दलहरुको

बाँकी ७ पृष्ठमा

# सरकार बनाउने तयारीमा रा.स्व.पा.

## बालेन प्रधानमन्त्री

## दलहरु समीक्षामा

**भक्तपुर/ यही फागुन २१ गते भएको प्रतिनिधिसभाको सदस्यको निर्वाचन परिणाम आएको छ। प्रत्यक्षतर्फको परिणाम निर्वाचन आयोगले सार्वजनिक गरिसकेको छ। यसैगरी समानुपातिकतर्फको पनि परिणाम सार्वजनिक भएको छ। समानुपातिकतर्फको सांसदका लागि सिट बाँडफाँडका लागि तीन दिनको समयावधि आयोगले दलहरुलाई उपलब्ध गराएसँगै त्यतातर्फको पनि सकिने अवस्था छ। यसरी सबै २७५ जना सांसदको अन्तिम नामावली राष्ट्रपतिलाई आयोगले बुझाएपछि राष्ट्रपतिले त्यसलाई प्रमाणीकरण गर्नु हुनेछ। त्यसपछि उनीहरुले शपथ लिने तथा दलीय प्रथा अनुसार विभिन्न दलहरुले आफ्नो दलको तर्फबाट संसदीय दलको नेता छनौटको प्रक्रिया पूरा गर्ने छन्। त्यसबीचमै राष्ट्रपतिले बहुमत प्राप्त दल अर्थात राष्ट्रिय स्वतन्त्र पार्टी (रा.स्व.पा.) का संसदीय दलका नेतालाई प्रधानमन्त्रीमा नियुक्त गर्नु हुने बताइएको छ।**



पछिल्लो निर्वाचन परिणाम अनुसार रा.स्व.पा.ले स्पष्ट बहुमत प्राप्त गरेको छ। १६५ स्थानको प्रत्यक्षतर्फ रा.स्व.पा.ले १२५ स्थानमा विजयको माला लगाएको छ। यसैगरी समानुपातिकतर्फ पनि ५७ सिट पाउने चर्चा छ। त्यो दलले पाएको मत परिणाम अनुसार रा.स्व.पा.को एकलौटी सरकार बन्ने अवस्था आएको छ। यसैगरी १२५ र ५७ गरी कुल १८२ सिट रा.स्व.पा.ले पाउने बताइन्छ। यो संख्या भनेको दुई तिहाई बहुमतका लागि २ सिट मात्र कम हो।

उता, स्वतन्त्र सांसदको रुपमा महावीर पुनले पनि चुनाव जितेको अवस्था छ। राम्रो कुरा लिएर आएका खण्डमा पुनको समर्थन पनि रा.स्व.पा.लाई रहने नै हुन्छ। यसैगरी कतिपय अवस्थामा नेपाल कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहालले पनि रा.स्व.पा.लाई समर्थन दिने अवस्था बताइन्छ।

यस्तो अवस्थामा रा.स्व.पा.ले करिब करिब दुई तिहाईको समर्थनमा सरकार बनाउने अवस्था आएको छ। यो दलबाट बालेन्द्र शाह (बालेन) लाई प्रधानमन्त्री बनाउने भनी यसअघि नै रा.स्व.पा.ले घोषणा गरेकाले उहाँ नै प्रधानमन्त्री बन्ने बताइएको छ।

यसरी बन्ने प्रधानमन्त्री बालेनले आफ्नो नेतृत्वमा नयाँ सरकारका मन्त्रीहरु बनाउने अवस्था रहन्छ। त्यसका लागि बालेन र रा.स्व.पा.का सभापति रवि लामिछानेका बीचमा छलफल चलिरहेको समाचार स्रोतले बतायो। रा.स्व.पा.ले आफ्नो वाचापत्रमा संघीय सरकारमा बढीमा १८ वटा मन्त्रालय र १८ जनालाई मन्त्री बनाउने भनी भनेकाले यही मन्त्रिमण्डलमा त्यसलाई व्यवहारमा उतार्ने पक्षमा उहाँहरु रहनु भएको बताइएको छ।


हालको संविधानमा २५ जनासम्म मन्त्री बनाउन पाइने भन्ने व्यवस्था छ। यस्तो व्यवस्था भए पनि रा.स्व.पा.ले भने १८ जना मन्त्रीमा सीमित गर्ने तयारी गरिरहेको बताइएको छ। यसरी मन्त्रीहरु बनाउने कुरामा पनि बालेनले भने हाल निर्वाचितलाई भन्दा पनि विज्ञहरुलाई मन्त्री बनाउँदा ठीक हुने भन्ने धारणा राख्दै आएको पनि स्रोतले बताएको छ।

बालेनको तर्फबाट ४ जना र लामिछानेका तर्फबाट १४ जना मन्त्री बनाउने सहमति दुवैजनाका बीच भएको पनि चर्चा चलेको छ। बालेनले भने हालका अर्थमन्त्री रामेश्वरप्रसाद खनाललाई नै अर्थमन्त्री बनाउन चाहेको तर त्यसमा लामिछानेको असहमति रहेको पनि स्रोतले दाबी गरेको छ। खनाललाई राष्ट्रियसभामा लाने तयारी पनि हालको सरकारले गरिरहेको अवस्थामा बालेन भने अर्थतन्त्रलाई सही ढंगबाट हाँक्नका लागि खनाल उपयुक्त पात्र भन्ने पक्षमा रहेको पनि स्रोतले बताएको छ। लामिछाने भने अर्थमन्त्रीको रुपमा स्वर्णिम वाग्लेलाई ल्याउने पक्षमा रहेको पनि बताइएको छ।

यसरी आपसी भागवण्डा नै गरेको

बाँकी ७ पृष्ठमा

## अर्थमन्त्री खनाल राष्ट्रियसभामा जाने चर्चा



काठमाडौं/ अन्तरिम सरकारका अर्थ एवं सामान्य प्रशासनमन्त्री रामेश्वरप्रसाद खनालले जिम्मेवारी सफलतापूर्वक सम्पन्न गरी बहिर्गमन हुने तरखरमा रहनु भएको छ। २०६७ सालमा अर्थसचिव पदबाट राजीनामा दिनु भएका खनाललाई १५ वर्षपछि जेन-जी विद्रोहको जगमा प्रधानमन्त्री बन्नु भएकी सुशीला कार्कीले अर्थमन्त्रीको जिम्मेवारी सुम्पनु भएको थियो।

सफल अर्थविज्ञको पहिचान बनाउनु भएका खनालले गत फागुन २१ गतेको निर्वाचन सफलतापूर्वक सम्पन्न गर्न कुशल भूमिका निर्वाह गरी अर्थतन्त्रलाई लयमा फर्काउन महत्वपूर्ण भूमिका खेलेको बताइएको छ। उहाँले निर्वाचनलाई सफल बनाउन आवश्यक पर्ने खर्च (बजेट) को श्रोत व्यवस्थापन गरी आफ्नो कर्तव्य इमान्दारीपूर्वक निर्वाह गरेको जानकारहरुले बताएका छन्।

बाँकी ७ पृष्ठमा

## सडक विभागले रुग्ण ठेक्कामाथि धावा बोल्ने

काठमाडौं / विगतमा भौतिक पूर्वाधार तथा यातायातमन्त्री सचिव र सडक विभागका महानिर्देशकहरुले देशभरका सडक आयोजना वर्षौंसम्म अलपत्र पार्ने निर्माण व्यवसायीहरुप्रति नरम बन्दा जनताले दुःख भोगिरहनु परेको थियो। यो अवस्था अझै पनि नारायणगढ-बुटवल सडक, सूर्यविनायक धुलिखेल सडक र बी.पी. राजमार्ग अन्तर्गतको रोशी खण्डमा कायमै छ भने अहिले बुटवल-गोरुसिङ्गे सडक पनि त्यो सूचीमा थपिएको छ।



तोकिएको समयभित्रै सम्पन्न गर्ने गरी ठेक्का लिने र वर्षौंसम्म काम नगरी रुग्ण बनेका ठेक्काप्रति अब सडक विभागले कठोर निर्णय गर्दै अगाडि बढेको छ। राष्ट्रिय स्वतन्त्र पार्टीका तर्फबाट प्रधानमन्त्री बन्ने तरखरमा रहेका बालेन्द्र (बालेन) शाहले बर्षौसम्म ठेक्का अलपत्र पार्ने निर्माण व्यवसायीलाई जेलमा जाक्नुपर्ने बताइसकेका कारण पनि अबको सरकार यस मामलामा कठोर बन्ने अपेक्षा गरिन थालिएको छ।

अब आउने भौतिक पूर्वाधार तथा यातायात मन्त्रीको कार्यक्षमता र दक्षतामा सडकको विकास कसरी अगाडि बढ्छ भनी प्रतिक्षा गरिएको बताइएको छ। अन्तरिम सरकारका ११५ दिने भौतिक पूर्वाधार तथा यातायातमन्त्री

बाँकी ७ पृष्ठमा

## बालेनले फिर्ता ल्याउलान् त नेपाली भूभाग ?

रुषा थापा

भक्तपुर/ प्रतिनिधिसभा सदस्य निर्वाचनको परिणामले अब राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेतृत्वको बहुमत सरकार बन्ने भएको छ। चुनावअघि रास्वपा सभापति रवि लामिछाने र बालेन्द्र साह (बालेन) काबीच एक सम्झौता भएको थियो। त्यसमा उल्लेख छ, बालेनलाई प्रधानमन्त्री बनाउने भन्ने कुरा। सोही सम्झौताका कारण बालेन रास्वपामा प्रवेश गरेर वरिष्ठ नेता बने।

उनकै अनुहारका कारण धेरै घण्टीमा मत (भोट) हाले। रविले सम्झौता नतोडेमा रास्वपाको बहुमत सरकारमा बालेन प्रधानमन्त्री हुनेछन्। यसअघि काठमाडौं महानगरपालिकाको प्रमुखमा रहँदा उनले गरेका काम जनताले देखेका छन्। सार्वजनिक रुपमाभन्दा पनि फेसबुकमा बढी प्रस्तुत हुने बालेन प्रमुख रहँदा कहिले छिमेकी देश भारत र चीनलाई गाली गर्थे त कहिले पुराना राजनीतिक दलहरुलाई।

अब उनी आफैं देशको नेतृत्व गर्ने कुर्चीमा पुग्दैछन्। बालेनलाई प्रधानमन्त्री बनेको हेर्न चाहनेको जनलहर छ। उनीसँग जनताले धेरै अपेक्षा गरेका छन्। ती अपेक्षा पूरा गर्न सक्लान् कि उनी पनि पुरानै दलको बाटोमा हिँड्लान् ? सरकार गठनको केही महिनामै थाहा हुनेछ। चुनावअघि रास्वपाले आफ्नो सरकार गठन हुनेबित्तिकै मुलुकमा परिवर्तनको बाढी आउने दाबी गर्थ्यो। त्यो वाचा पूरा हुन्छ कि हुँदैन ? जनता कुरिरहेका छन्।

बालेन प्रधानमन्त्री हुनेबित्तिकै परिवर्तन भइहाल्ने पक्का पनि हुँदैन। उनीमाथि चुनौतीको चाङ छ। विगतमा प्रमुख हुँदा उनले आफ्नो कार्यकक्षमा ग्रेटर नेपाल (चुच्चो नक्सा) को नक्सा झुण्डाएका थिए। तात्कालिन प्रधानमन्त्रीहरुलाई प्रश्न पनि गर्थे कि चुच्चो नक्सा कहिले कार्यान्वयनमा ल्याउने ? हाम्रो भूभाग कहिले फिर्ता ल्याउने ? अहिले उनी त्यो ठाउँमा पुग्दैछन्। प्रमुख हुँदाजति सजिलो प्रश्न गर्न, प्रधानमन्त्री भएपछि उत्तिकै गाह्रो छ काम गर्न।

अहिले जनता बालेनलाई प्रश्न गर्छन्-'प्रधानमन्त्री बनेपछि तपाईंले ग्रेटर नेपालको नक्सा कार्यान्वयनमा ल्याउनुपर्छ ? भारत र चीनले कब्जा गरेको नेपाली भूभाग फिर्ता ल्याउनुहुन्छ ?' छिमेक भारत र चीनले हाम्रो थुप्रै भूभाग

बाँकी ७ पृष्ठमा

## प्रधानन्यायाधीशमा को ?

काठमाडौं/ मुलुकले नयाँ प्रधानन्यायाधीश पाउने भएको छ।प्रधानन्यायाधीश प्रकाशमान सिंह राउत ६५ वर्षे उमेर हदका कारण आगामी चैत १८ गतेदेखि अवकाशमा जाने भएसँगै नयाँ प्रधानन्यायाधीशको चर्चा चलेको हो।

न्याय परिषदले प्रधानन्यायाधीशको योग्यता पुगेका ६ जना न्यायाधीशहरूको नाम संवैधानिक परिषदमा सिफारिस गरेपछि यसमा झनै चासो बढेको हो।नाम सिफारिस वरिष्ठताका आधारमा गरिएको समाचार स्रोतले बताएको छ।

यसरी सिफारिसमा पर्नेहरुमा वरिष्ठतम् न्यायाधीश सपना प्रधान मल्ल, कुमार रेग्मी, हरिप्रसाद फुयाँल, मनोजकुमार शर्मा, नहकुल

बाँकी ७ पृष्ठमा

## शहरी विकास तथा भवन निर्माण विभागको बेवास्ता



काठमाडौं/शहरी विकास मन्त्रालय र भवन निर्माण विभागको हेलचेक्र्याइ तथा कमिशन मोहले निर्माणाधीन नयाँ संसद भवनको थलिएको बाँकी कामलाई तीब्रता दिन थालिएको छ। 'जब पर्‍यो राती, अनि बुढी ताती' भनेझैं २०७६ असोज १ गते शिलान्यास गरिएको भवन ६ वर्ष बढी समय बित्दा समेत निर्माण सम्पन्न भएको छैन। ६ वर्षमा कैयौं मन्त्री र सचिवहरुले शहरी विकास मन्त्रालयबाट कमिशनको खेतीपाती गरे पनि गत फागुन २१ गते निर्वाचनबाट चुनिएर आएका सांसदहरुलाई शपथ गराउने ठाउँ नहुँदा प्रतिनिधिसभाको बैठक कक्ष बस्ने हल निर्माणको काम तीब्ररुपमा अगाडि बढेको छ।

जानकारहरुका अनुसार यो भवन सम्पन्न गर्न अझै १ वर्ष लाग्ने बताइएको छ। शहरी विकास तथा भवन निर्माण विभागका महानिर्देशक

बाँकी ७ पृष्ठमा

## 'गैह्र सांसद' लाई मन्त्रीमा प्राथमिकता राम्रो



प्रसङ्गवश

कौशल कुमार भट्टराई

यही फागुन २१ गते प्रतिनिधिसभा सदस्यको निर्वाचन सम्पन्न भएको छ। निर्वाचन परिणाम पनि आएको छ। प्रत्यक्षतर्फ १६५ जना तथा समानुपातिकतर्फ ११० जना सदस्यका रुपमा निर्वाचित हुने भएका छन्।

प्रत्यक्षतर्फको उम्मेदवारहरुको परिणाम सार्वजनिक भैसकेको भए पनि समानुपातिकतर्फका सांसदहरुको संख्या र उनीहरुको छनौट प्रक्रिया अलिक फरक हुने हुन्छ। सोही कारण समानुपातिकका समेत सांसदहरु निर्धारण गरी निर्वाचन आयोगले निर्वाचितहरुको प्रतिवेदन राष्ट्रपतिसमक्ष पेश गर्ने कानूनी व्यवस्था छ। यसरी राष्ट्रपतिबाट उक्त प्रतिवेदन प्रमाणित भएपछि सांसदहरुको अन्तिम नामावलीले मान्यता पाउने हुन्छ।

यसरी बनेका सांसदहरुको शपथ लगायतका विभिन्न प्रक्रियाहरुका बारेमा यो लेखमा खासै प्रवेश नगर्ने जमर्को गरेको छु। उनीहरु सांसद ठानिने तथा तिनै सांसदहरुमध्येबाट प्रत्यक्ष निर्वाचित सांसदमध्येबाटै प्रधानमन्त्री चयन गर्ने प्रचलन पनि छ। बहुमत प्राप्त दलको संसदीय दलको नेतालाई नेपालको संविधानको धारा ७६(१) अनुसार राष्ट्रपतिबाट प्रधानमन्त्रीको रुपमा नियुक्त गर्ने व्यवस्था छ।

यसरी हेर्दा पछिल्लो निर्वाचन परिणाम अनुसार राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को स्पष्ट बहुमत आएको छ। समानुपातिकतर्फको समेत गर्दा झण्डै झण्डै दुई तिहाई नै सांसदमा उक्त दलका उम्मेदवारले जितेको देखिन्छ। यसरी स्पष्ट बहुमत प्राप्त दलको नेतामा सो दलका नेता बालेन्द्र (बालेन) शाह संसदीय दलको नेता बन्ने देखिन्छ। यसैगरी उहाँ नै प्रधानमन्त्रीमा नियुक्त हुने पनि अवस्था आएको छ।

यसरी हेर्दा बालेन अबको प्रधानमन्त्री हो। उहाँलाई भावी प्रधानमन्त्रीका रुपमा रास्वपाले घोषणा गरेर निर्वाचनमा होमिएको थियो। उम्मेदवारीको मनोनयनपत्र दाखिला गर्ने अघिल्लो दिन अर्थात् गत माघ ५ गते मात्र काठमाडौं महानगरपालिकाको प्रमुखबाट उहाँले राजीनामा गर्नु भएको थियो। सोहीदिननै उहाँले रास्वपाको सदस्यता लिनु भएको थियो। त्यसैगरी रास्वपाले पनि उहाँलाई भावी प्रधानमन्त्री भनी घोषित गरेको थियो।

यसरी निर्वाचनमा होमिनु भएका बालेन सबैभन्दा कठिन मानिने झापा क्षेत्र नं.५ मा उम्मेदवारी दिन पुग्नु भयो। उक्त क्षेत्रबाट यसअघि पटक पटक खड्गप्रसाद शर्मा ओली प्रतिनिधिसभाको सदस्यमा छानिदैं चार पटक त प्रधानमन्त्री नै बनिसक्नु भएको थियो। अघिल्लो

बाँकी ७ पृष्ठमा

नेपाल सरकार

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

सडक विभाग

आयोजना निर्देशनालय (एडीबी) विशालनगरको

सार्वजनिक सूचना

- सडक तथा पुलहरु सार्वजनिक सम्पत्ति हुन्। यिनको सबै मिलेर संरक्षण र सुन्दरीकरण गरौं।
- सडक विस्तार तथा निर्माणको क्रममा सवारी साधनहरुले आफ्नो लेनमा बसेर, हतार नगरी यात्रा गर्नु गराउनु हुन अनुरोध गर्दछौं।
- सडकका सांकेतिक चिन्हहरु तथा सूचनाहरुबाट सावधानीपूर्वक यात्रा गरौं गराऔं।
- सडक निर्माणमा सहयोग गरिदिनु हुन सादर अनुरोध गर्दछौं।

-आयोजना निर्देशक

लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly

# भाँडो

भीमबहादुर धारानिर बसेर भाँडो माझ्रिरहेको थियो। उसलाई आज साह्रै हतारो छ, ढिलो गर्न हुँदैन। ठूलो मालिक कुन्नि किन हो कहाँ जानुहुन्छ रे। बिहान सबेरै चिसो छ, केही जाडोजस्तो पनि छ। छिटो काम गर्दा बल परेकोले जीउ तातिरहेछ र मनको सोचाइलाई हलुङ्गो पारेर माथि उडाइरहेछ।

ऊ सोचिरहेको थियो- अब त घर नगइछाड्दिन। कुन्नि! मालिकले कसरी बिदा नदिँदो रहेछ हेरूँ। आमा पनि त बूढी भइसकी, नदेखेको एक वर्ष, होइन एक वर्ष सात महिना भइसक्यो आमालाई नदेखेको...बिचरी!

त्यसै बखत मालिकको ठूलो छोरो जेठाकाजीले बोलायो, "भीमे, भीमे !"

भीमे एक चोटि त झस्क्यो। त्यसपछि करायो, "हजुर।"

"चुरोट किनेर ले, जा।"

भीमेले बिस्तारै नसुनिने गरी भन्यो, "चुरोट चुरोट, कहिले चुरोट ले, कहिले तमाखु भर...अनि हो त...।"

"माथि आइज।"

"होइन हजुर, भाँडा माझ्रिरहेको छु, हतारो छ। तपाईंलाई थाहा छैन ?" कुन्नि कसरी उसको मुखबाट यो कडा बोली चिप्लेर निस्क्यो, 'तपाईंलाई थाहा छैन ?'

अनि माथि हप्काएको आवाज आयो, "मूला जबाफ दिन्छ बढेर।" त्यसपछि फेरि सामसुम भयो।

भीमे केही डराएर, केही सरमाएर मुख रातो पारिरह्यो। उसले सोच्यो, 'मुखबाट यस्तो कुरा निस्क्यो कसरी !'

केहीबेरपछि उसले यो सबै कुरा बिर्स्यो। घुम्दैघुम्दै यही कुरामा आयो कि ऊ घर जरुर जान्छ, उसलाई जानैपर्छ। आमाले त भनेकी थिई, "ए बाबु भीमे! शहर गएर पैसा कमाउने कुरा नगर, यहीँ बस, यहीँ ज्याला काढेर रुक्खा-सुक्खा खाएर बसुँला।"

उकालो ओरालो, अनि फेरि उकालो ओरालो। अनि घुमाउरोनिर एउटा भट्टी आउँछ। घरछोरी भर्खरकी १४/१५ वर्षकी थिई होली। गोरो गाला! अब त १६/१७ वर्षकी भई होली। रात त त्यहीँ बास बस्नुपर्ला।

झस्केर उसले आफ्नो आङको च्यातिएको मैलो दौरालाई हेर्‍यो। सहानुभूति तथा घृणामिश्रित नेत्रले एक चोटि यताउति कहाँकहाँ च्यातिएछ भनी दौरालाई र त्यही सुहाउँदो घुँडा टालेको सुरुवाललाई हेर्‍यो र मनमनमा भन्यो, 'एक जोर लुगा, झुत्रो जडाउरी दिएर खूब दानी भएँ भन्दो हो हँ। अब त घर जाँदा नयाँ दौरा-सुरुवाल सिलाएर लैजान्छु। नत्र गाउँलेहरूको अघिल्तिर कुन नाक देखाउने ? सहरमा बसेर जान लागेको ठट्टा होइन।'

अनि उसले नयाँ दौरा-सुरुवाल र ठूलो काजीको जडाउरी कोट लाएर गाउँलेहरूको बीचमा ठाँटिएर बसेको कल्पना गर्‍यो।

भाँडा मलेको शब्द मन्दमन्द हुँदै गयो, केहीबेर टक्क रोकियो। फेरि मन्दमन्द स्वरमा सुरु भयो। बीचमा एकछिन झर्को गरेर ठूलो स्वरमा घ्याइँघ्याइँ गर्थ्यो।

पुन्टू अब त निकै बढी होली। घरमा आमालाई बोलाउन आउँथी। ऊसँग केही रत्तिएकी लहसिएकी थिई। उसले भनेको कुरा मान्थी घाँस काट्न जाँदा ऊसित जुवारी खेल्न सिक्तथी। कहिलेकाहीँ छटपटाएको र डराएको आँखाले उसलाई हेरेर भन्दथी, "अबेर भयो, बाले गाली गर्नुहुन्छ- कहीँ धेरैबेर नबस् भन्या छ।" त्यस बेला पुन्टू १३ वर्षकी त थिई पनि।

ठूली ऊभन्दा निकै वर्ष जेठी, राँकिएको गाला, बरौँठिएको शरीर, कसरी सबैसित आँखा लडाउँथी। सारा गाउँका जवान पल्लो गाउँका ओल्लो गाउँका, सबैले उसलाई नराखेको भन्या छँदैछैन।

एक दिन ठूली पुष्ट गालामा खाल्टो पर्ने गरी हाँसेर ऊ नजिक आई र उसको गालामा निकै साह्रैसित चड्काएर भनी, "अँ, नानीको बिहे गर्ने कहिले ?" अनि के-के। ऊ एकछिन त जिल्ल परेथ्यो अनि लाजले भुतुक्क भयो।

उसले फेरि सोच्यो - आमाले पक्का पनि एउटी राम्री केटी खोजिराखेकी होलिन् बिहे गरेर यहाँ फर्कूं कसरी ? स्वास्नी लिएर यहाँ बस्न त अलि...। त्यहीँ फ्याँकेर आउने ? छिः छिः ! फेरि गाउँमा, त्यस्तो पहाडमा कसरी कुहिने त ?

यो समस्या सुल्झाउँदै उसको हात टक्क रोकियो र भाँडा माझ्ने सुद्धीबुद्धि नै रहेन। त्यसै बखत माथिबाट एउटी आइमाई घाँटी सुक्ने गरी चिच्च्याइरहेकी थिई, "भीमे, भीमे ! पानी ल्याउनु पर्दैन ? भाँडा माझेको अहिले हो, कसरी सिध्याउने ?"

भीमे अकस्मात् आफ्नो चिन्ताबाट बिउँझ्यो र हडबडाएर सोझो बस्यो। वाल्ल परेर हेर्न लाग्यो। कानमा केही आवाजको झनक परेको थियो। केही जबाफ दिने सोच्न सकेन।

अनि पछि बिहे गर्ने चिन्तालाई सोचेर उसको अङ्गप्रत्यङ्गमा एउटा हल्का सरमको लहर दौड्यो। यसपछि ऊ आफैं ङिच्च दाँत देखाएर हाँस्यो।


गोविन्दबहादुर मल्ल 'गोठाले'

त्यसै बखत ठूलो काजीकी स्वास्नी दौडँदै आई र भन्न लागी, "खै छाड् भीमे, छाड्, बच्चाले टाउकादेखि आङभरि सर्वाङ्ग फोहोर गरिदियो, के भनूँ !"

भीमे हाँस्न खोज्यो। भन्यो, "यति सिध्याऊँ, अनि जे मन लाग्छ गर्नुस्।"

ठूली दुलहीले फेरि भनी, "फेरि हतारो पनि छ, तरकारी काट्नुपर्छ, त्यत्तिका काम छ, यो घरमा कहिले काम सिद्धिँदैन, दिक्क लाग्छ।"

भीमले स्वीकृतिसूचक टाउको हल्लायो, अनि सरेर बस्यो। ठूली दुलहीले साबुन खोपामा राखी। त्यहाँपछि बाहिरी धोती फुकाली, कीलामा झुन्ड्याई। भीमेले बिस्तारै आँखा उठाएर मालिक्नीको शरीरमा दृष्टि फिँजायो।

भित्री धोती छातीदेखि लिएर घुँडासम्म टनक्क बेह्निएको थियो। धोती शरीरमा च्याप्प टाँसिएको थियो। एउटा छोराकी आमा भइसकेर पनि उसको शरीर जस्ताको तस्तै कसिएको थियो।

गोरो, गोलो, टम्म परेका हातपाखुरा, उठेको छाती जुन धोतीले छोपिए तापनि राम्ररी देखिन्थ्यो। दुलहीले भनी, "पानी चिसो छ हगि ?"

भीमेले बाँकी भएको एउटा भाँडा माझ्नलाई खूब बल गरेर मनमनमा भन्यो, 'आ, हतारो छ। हतारो।'

एक चोटि आफूलाई रोक्तारोक्तै पनि उसको आँखा मालिक्नीको शरीरमा गएर पर्‍यो। त्यसपछि बिजुलीकै धक्का लागेझैं उसले तल हेर्‍यो। अहिले मालिक्नी एकदम भिजिसकेकी छ।

त्यो पातलो धोती अब झन् टाँसियो। मालिक्नीको सुन्दर अनुहारलाई दिनको दिन देखेको थियो। अनि गोरो हात देखेको थियो। सेतो सुलुक्क परेको पिँडौला पनि देखेको थियो।

उसले फेरि एक चोटि फूर्तिसित हात चलायो र सोच्यो- हामीले यसरी मालिक्नीको आङमा हेर्नु हुँदैन !

भन्दाभन्दै उसले चोरेर एक चोटि हेरिहाल्यो। मालिक्नी साबुन लगाइरहेकी थिई-आङमा लगाएपछि धोती अलि माथि सारेर घुँडामाथि लगाउन लागी। फेरि खूब जोडसित धक्का लाग्यो।

ऊ काँपिरहेको थियो। बिस्तारै-बिस्तारै उसको सारा शरीर शिथिल हुँदै गयो। ऊ उठेर भाग्न चाहन्थ्यो। तर उठ्न सकेन। फेरि काम पनि हतारोको हो। मेरो आँखा पनि त उतैतिर जान्छ। ऊ आफ्नो अशक्य देखेर रिसाइरहेको थियो- नमालुम केके गरिरहेको थियो।

भाँडा मल्दामल्दा हात चिप्ल्यो। तब भाँडा भूँमा लडेको र यताउति भएको ठूलो आवाज आयो। मालिक्नीले झस्केर घुमेर त्यतातिर हेरी र भनी, "के गर्छस् ए भीमे ?"

भीमे टोलाएर उसको मुख हेर्दैमा बित्यो। केही भन्न सकेन। एकछिनपछि लजाएर मुख रातो पारेर शिर झुकायो। मालिक्नीले त्यस बेलासम्म नुहाउनमा फेरि तनमन दिइसकेकी थिई।

भीमेले हातले मुखको पसिना पुछ्यो, बाहुला माथि सार्‍यो। बाहुला सार्दा च्यातिएकै ठाउँमा हात पर्दा चर्र च्यातियो। गजब भएर बाहुलालाई हेर्‍यो र उसले यो पनि देख्यो कि हातको कालो खरानी लुगामा लागेछ। अनि झट्ट उसलाई यो ज्ञान भयो मुखमा पनि खरानी लाग्यो होला।

झटपट हडबडाएर दौराको फेरले मुख पुछ्यो र दाँत देखाएर ङिच्च हाँस्यो। एक चोटि उता मालिक्नीले थाहा पाई कि भनेर हेरी पनि हाल्यो।

भीमेलाई कहिले सुबिस्तासित सुत्न मन लाग्यो। कहिले यताउति घुम्ने इच्छा भयो। आफ्नो बदनमा मुक्की हिर्काएर कसरत गर्ने मन भयो- स्याँ स्याँ फुँ-फुँ गरेर उकालो चढ्न मन लाग्यो। तैपनि ऊ उठ्नसम्म सकेन र उसले मालिक्नीले साबुन लगाएको, मलेको, नुहाएको इत्यादि हरेक क्रिया एकएक गरेर हेर्दै गयो।

ठीक यसै बखतमा सानो काजी, ठीक बीस-एक्काइस वर्षको, भीमेभन्दा केही जेठो जमिनमा आँखा गाडेर सोच्दै आइरहेको थियो। माथि हेर्नासाथ ऊ लाटो भएर एक भएर एकछिन जिल्ल पर्‍यो।

भाउजूले घुमेर यतातिर हेरी र दुवै देवर भाउजूको आँखा जुध्यो। भाउजूले झटपट कीलामा झुन्डाइराखेको धोतीमा हात बढाई। साथसाथै रातो लामो जिभ्रो निकालेर दाँतले काट्न लागी। उता देवर मुख रातो पारेर फरक्क फर्केर हिँड्यो।

भीमे अहिलेसम्म कहिले देवर कहिले भाउजूलाई ताकिरहेको थियो। किन हो कुन्नि उसलाई पनि अर्कै किसिमको, एकतमासको लाज लाग्न लाग्यो। तब भाउजूतिर हेर्‍यो। उसले देख्यो कि भाउजू चाहिनेको सरमले लाली परेको चेहरामा फिका मुस्कान झल्किरहेको थियो।

मालिक्नीले सुकेको धोती फेरि कीलामा झुन्डाई र फेरि पानीको धारामा खुट्टा राखी। खुट्टा सफा गर्न त बाँकी नै थियो नि।

मालिक्नीले भनी, "यो धारा त त्यस्तै हो, जहिले नुहाउन आए पनि...।" फेरि भनी, "स्वास्नीमान्छेले त नुहाउनै पर्दैन जस्तो।"

अब वातावरण यस्तो देखियो- यताउति कालोमैलो भाँडा लडिरहेको, फोहोर मैलो जमिन हेर्दै घिनलाग्दो स्पष्ट देखियो। त्यही एउटा भाँडामाथि हात राखेर बसिरहेको भीमे सोचिरहेको अथवा धाराको पालो पर्खिरहेको थियो।

यो पनि देखियो - भाँडाहरूको बीचमा भाँडाजत्तिकै मैलोथैलो भीमे भाँडै हो कि जस्तो गरेर भाँडाहरूसित मिसिइरहेको थियो।(गोविन्दबहादुर मल्ल 'गोठाले'को कथाङ्ग्रह 'कथैकथा'बाट)


सबै भाषा सबै ज्ञान, सबैको प्रज्ञा-प्रतिष्ठान
नेपाल प्रज्ञा-प्रतिष्ठान
हार्दिक निमन्त्रणा !
इतिहासशिरोमणि बाबुराम आचार्यको १३९ औं जन्मजयन्तीका अवसरमा नेपाल प्रज्ञा-प्रतिष्ठान र इतिहासशिरोमणि बाबुराम आचार्य स्मृति प्रतिष्ठानको सहकार्यमा आयोजना गरिने बाबुराम आचार्य र नेपालको इतिहास विषयक विचार-गोष्ठीमा यहाँको गरिमामय उपस्थितिका लागि हार्दिक निमन्त्रणा गर्दछौं।
कार्यक्रम
मिति : २०८२ फागुन २९ गते शुक्रवार
समय : दिनको १२:०० बजे
स्थान : नेपाल प्रज्ञा-प्रतिष्ठान (देवकोटा सभाकक्ष) कमलादी, काठमाडौं
बाबुराम आचार्य
महासचिव
इतिहासशिरोमणि बाबुराम आचार्य स्मृति प्रतिष्ठान
डा. धनप्रसाद सुवेदी
सदस्य सचिव
नेपाल प्रज्ञा-प्रतिष्ठान
Website : www.nepalacademy.gov.np / www.baburamfoundation.org.np

# सम्मानको उज्यालो साँझ

ज्ञानेन्द्र विवश



कहिलेकाहीँ जीवनका केही क्षण यस्ता हुन्छन्, जसले समयको सामान्य प्रवाहलाई रोकिदिन्छन् र मनभित्र एउटा दीर्घ स्मृतिको दीप बालिदिन्छन्। २०८२ साल फाल्गुण २४ गते आइतबार पनि मेरो लागि त्यस्तै यौटा अलग्ग उज्यालो क्षण बनेर आयो। यस दिन नेपाल स्रष्टा समाजले नेपाली साहित्यिक पत्रकारिताका दुई अग्रज व्यक्तित्व- नगेन्द्रराज शर्मा र रोचक घिमिरेलाई 'रेखा-पवन सम्मान' अर्पण गर्‍यो।

हलभित्र प्रवेश गर्दा एउटा आत्मीय उज्यालो वातावरणले स्वागत गरिरहेको अनुभूति भयो। अनुहारहरूमा प्रसन्नता, आँखाहरूमा आदर र मनहरूमा स्रष्टाप्रतिको कृतज्ञता झल्किरहेको स्वतः महसुस हुन्थ्यो। अग्रजहरूका गलामा सजिएका सयपत्री र दुबोका माला सजावटका सामग्री मात्र थिएनन्, ती वर्षौंको साधना, समर्पण र साहित्यिक यात्राका प्रतीकजस्ता देखिन्थे।

साहित्यिक पत्रकारिता आफैँमा सजिलो बाटो होइन। शब्दको बाँझो खेत जोत्नुपर्छ, आलाकाँचा विचारका बीउ रोप्नुपर्छ र अस्तव्यस्त समाजको संवेदनालाई सुललित भाव-सौन्दर्यको अक्षरमा रूपान्तरण गर्नुपर्छ। सहरदेखि ग्रामीण मनसम्मका अनुभूतिलाई प्रकाशनको माध्यमबाट फैलाइदिनुपर्छ। यस्तो कठिन यात्रामा आफ्नो जीवनको ठूलो अंश समर्पित गर्नुभएका अग्रणी व्यक्तित्वहरूलाई सम्मानित गरिएको दृश्य हेर्दा मनभित्र एउटा श्रद्धाको लहर उठ्नु स्वाभाविक हो।

यस अवसरमा नेपाली साहित्यिक पत्रकारिताका दुई अग्रज व्यक्तित्व- नगेन्द्रराज शर्माको पहिचान बनेर परिचित 'अभिव्यक्ति' र रोचक घिमिरेको 'रचना' साहित्यिक पत्रिका नेपाली साहित्यकारलाई पाठक मनसम्म पुर्‍याउन अहम् भूमिका खेलेका प्रकाशन गृह हुन्। यी दुई व्यक्तित्व र दुई पत्रिकाका प्रति अर्पण गरिएको दृश्य एक युगको योगदानप्रति व्यक्त गरिएको कृतज्ञताको भावसमेत थियो। सभाहलमा भरिभराउ साहित्यिक अनुहारमा देखिने प्रसन्नता र सम्मानित व्यक्तित्वहरूको अनुहारमा झल्किने विनम्र मुस्कानले वातावरणलाई अझ अर्थपूर्ण बनाइरहेको मैले महसुस गरिरहेँ।

समारोहमा समालोचक प्रमोद प्रधानले व्यक्त गर्नुभएको मन्तव्य अत्यन्त सारगर्भित थियो। उहाँले केवल दुई व्यक्तित्वको प्रशंसा मात्र गर्नुभएन; नेपाली साहित्यिक पत्रकारिताको एउटा भाग्यमानी युगलाई नै सम्झनुभयो। त्यो युग, जहाँ शब्दहरू कागजमा मात्र सीमित थिएनन्, बरु उहाँहरूले नयाँ प्रतिभालाई उज्यालो दिने दीपकको काम गरिदिनुभयो। साहित्यिक यात्राको एक-एक अध्याय उजागर गर्ने दीपहरू बनिदिनुभयो।

उहाँले सम्झाउनुभयो- पत्रकारिता भनेको केवल समाचारको संसार मात्र होइन, त्यो त सिर्जनाको बगैँचा पनि हो, जहाँ शब्दका बिरुवाहरू रोपेर नयाँ प्रतिभाहरू हुर्काइन्छ। डा. गोविन्दराज भट्टराई र डा. लक्ष्मणप्रसाद गौतमले पनि यिनै र यस्तै भावना व्यक्त गर्नुभयो।

नगेन्द्रराज शर्मा र रोचक घिमिरेले आफ्नो अनुभव सुनाउँदै 'अभिव्यक्ति' र 'रचना' पत्रिकाको प्रकाशन-यात्राबारे चर्चा गर्दा सभाहल एकछिन समयको गल्ली हुँदै पुरानो युगमा पुगेजस्तो लाग्यो। त्यो बेला साहित्यिक संसार आजजस्तो 'डिजिटल' थिएन। त्यो समय आजजस्तो 'प्रविधि मैत्री' समय थिएन। त्यतिबेला एउटा पत्रिका निकाल्नु भनेको कागजमा अक्षर छाप्नु मात्र होइन, एउटा सपना छाप्नु थियो। एउटा कविता वा लेख छापिनु भनेको लेखकका लागि आफ्नै आवाजलाई संसारले सुनेको अनुभूति हुनु थियो। त्यही अनुभूतिलाई सम्भव बनाउने माध्यम बनेका थिए- ती पत्रिकाहरू !

नामै काफी छ- 'अभिव्यक्ति' र 'रचना' ! स्रष्टा हृदयका मझेरीबाट अभिव्यक्त सुकोमल भावनालाई अक्षरका माध्यमबाट यिनै पत्रिकाहरूले प्रकाशन गरिदिएर फक्रिन तम्तयार प्रतिभालाई फुल्न मलजल दिएर हलक्क हुर्कन हौसला प्रदान गरिदिएका थिए।

उहाँहरूले सम्झनुभयो- काठमाडौँका मात्रै होइन, मोफसलका गाउँ-सहरमा बसेका युवा र पुराना कवि-लेखकहरूलाई पनि आफ्नो पत्रिकामा स्थान दिइन्थ्यो। कुनै नयाँ कविको पहिलो कविता, कुनै ग्रामीण कथाकारको पहिलो कथा- त्यो सबै यिनै पत्रिकाका पानामा छापिएर साहित्यिक यात्राको पहिलो पाइला बन्ने गर्थ्यो। शब्दहरूलाई उड्न पखेटा दिने त्यो उदारता वास्तवमा साहित्यिक पत्रकारिताको सबैभन्दा सुन्दर रूप थियो।

मलाई त्यो क्षण सुन्दै गर्दा यस्तो लाग्यो- साहित्य, किताबमा लेखिएका अक्षरसँगै, मानिसहरूबिचको विश्वास पनि हो। कसैले नयाँ प्रतिभालाई विश्वास गरेर अवसर दिनु नै साहित्यको सबैभन्दा ठूलो सेवा हो। शब्दलाई बाटो देखाउने मार्गदर्शक बनेर नगेन्द्रराज शर्मा र रोचक घिमिरेले त्यही सेवा गर्नुभयो। यही निःस्वार्थ सेवाकर्मको निरन्तरताले सम्पादक र लेखकबिचको सुमधुर सम्बन्ध नेपाली साहित्यको भण्डार भर्न पर्याप्त भइदियो।

सभाहलमा हार्दिक मनले सम्मान ग्रहण गरिरहेका क्षण हेर्दा यस्तो अनुभूति हुन्थ्यो- समय आफैँले आफ्नो इतिहासलाई सम्मान गरिरहेको छ। एकातिर दशकौँको श्रम र समर्पण, अर्कोतिर नयाँ पुस्ताको आशा र प्रेरणा ! यी दुई धाराहरू आज एउटै नदीमा मिसिएका थिए।

सम्मानको त्यो क्षण दुई व्यक्तित्वका लागि मात्र थिएन। त्यो त नेपाली साहित्यिक पत्रकारिताको धरोहरका लागि गरिएको अभिवन्दना र अभ्यर्चना थियो। आजका युवा लेखकहरूले जुन सहजताले आफ्नो रचना प्रकाशित गर्न पाउँछन्, त्यसको आधारशिला यस्तै समर्पित व्यक्तित्वहरूले कुनै समय चुपचाप राखेका थिए।

'अभिव्यक्ति' र 'रचना' प्रकाशन-यात्राले आफ्ना स्मृतिका ढोकाहरू खोल्दै र पत्रिकाको यात्रा सुनाउँदा उपस्थित हामी स्रोता तत्कालीन समयका यात्रु बन्यौँ। उहाँहरूले सम्झाउनुभयो- त्यो जमानामा कतै डाकबाट आएका कविताहरू, कतै अस्पष्ट हस्तलिखित कथाहरू, कतै कुनै अपरिचित लेखकको आत्मीय पत्र- यी सबैलाई समेटेर एउटा-एउटा अक्षर जोड्दै 'लेटर प्रेस' को झन्झटिलो काम आज सम्झिँदा कसरी धैर्यले गर्न सकिएको होला भन्ने लाग्छ। अन्ततः 'अभिव्यक्ति' र 'रचना' ले नेपाली साहित्यको एउटा विशाल आँगन बनाएको थियो।

त्यो आँगनमा धेरै नवप्रवेशी लेखकहरूले पहिलो पटक आफ्ना मनका भाव प्रकाशित हुने अवसर पाए। कतिपयका लागि त्यो पहिलो प्रकाशन नै जीवनको पहिलो आत्मविश्वास थियो। त्यसैले आज जब ती अग्रजहरू सम्मानित भए, त्यो सम्मान केवल दुई व्यक्तिलाई अर्पण गरिएको थिएन; त्यो त ती सबै लेखकहरूको सपनालाई पनि समर्पित थियो, जसले कहिल्यै नदेखिएका सम्पादकहरूको विश्वासमा आफ्ना रचनाहरू पठाएका थिए।


समारोहको वातावरणमा एउटा अनौठो भावुकता थियो। लाग्थ्यो- साहित्य भनेको शब्दहरूको संसार मात्रै होइन, त्यो त सम्बन्धहरूको ऊर्जाशील संसार पनि हो। सम्पादक र लेखकबिचको सम्बन्ध, गुरु र शिष्यबीचको सम्बन्ध र समयसँगै बदलिँदै गए पनि नटुट्ने सिर्जनात्मक विश्वासको गहिरो आत्मीय सम्बन्ध !

त्यो क्षणले एउटा कुरा झन् स्पष्ट गरिदियो- साहित्यिक पत्रकारिता भनेको नदीजस्तै हो। नदीले आफ्नै लागि पानी बगाउँदैन; ऊ त बाटोमा भेटिएका खेत, वनस्पति, बस्ती र जीवनलाई सिँचाइ गर्दै बगिरहन्छ। ठीक त्यसरी नै रोचक घिमिरे र नगेन्द्रराज शर्माले पनि आफ्ना पत्रिकामार्फत् अनेकौँ प्रतिभाहरूको सिर्जनात्मक यात्रालाई सिँचाइ गरिदिएर हराभरा बनाउन भूमिका खेल्नुभएको थियो।

आज उहाँहरूलाई प्रदान गरिएको 'रेखा-पवन सम्मान' वास्तवमा एउटा उज्यालो दीप हो, जसले अतीतको समर्पणलाई सम्झिँदै भविष्यका स्रष्टाहरूलाई पनि मार्ग देखाइरहेको छ। जब समारोह समाप्त भयो, मनमा एउटा मधुर अनुभूति बाँकी रह्यो- साहित्यको संसारमा केही मानिसहरू आफैँ पुस्तक जस्तै हुन्छन्। जसका स्मृति-विम्बहरू समयका साक्षी बनेर व्यतीत कालखण्डका दस्तावेज बन्छन्। स्मृतिका पानाहरू समयले पल्टाइरहन्छ तर त्यसमा लेखिएका प्रेरणाका अक्षरहरू कहिल्यै मेटिँदैनन्।

समारोहको एउटा अनुकरणीय अर्को क्षण थियो, पुरस्कार स्थापना पवन आलोकका छोरी ज्वाँइको सौजन्यमा अक्षय कोष स्थापना गरी त्यसैबाट 'रेखा-पवन सम्मान' को थालनी गरिएको थियो। त्यस्तै समारोह साहित्यकार पवन आलोक र उहाँकी धर्मपत्नी रेखा कंडेलको सन्ताउन्नौँ वैवाहिक वर्षगाँठको पारेर आयोजना गरिएको थियो। त्यसैले कार्यक्रम सम्मानको औपचारिकता मात्र थिएन; त्यो प्रेम, साहित्य र समर्पणको एउटा सुन्दर संगमजस्तो लाग्थ्यो। अतः त्यो सम्मानको साँझ सम्मान र मायाको मालाले उज्यालिएको थियो।

जीवनमा धेरै भेटघाटहरू हुन्छन्, धेरै कार्यक्रमहरू पनि हुन्छन्। तर केही दिनहरू यस्ता हुन्छन्, जुन स्मृतिको डायरीमा सुनौला अक्षरले लेखिएर बस्छन्। फाल्गुणको त्यो आइतबार पनि मेरो मनको पानामा त्यस्तै एउटा उज्यालो पृष्ठ बनेर बसिरहनेछ- जहाँ सम्मान, स्नेह र साहित्यको सुगन्ध एकैसाथ फैलिएको थियो। वसन्तको हल्का हावाजस्तै त्यो समारोहको स्मृति मनमा बसेर रह्यो- जहाँ शब्दहरू सम्मान बने, सम्मान इतिहास बन्यो र इतिहासले भविष्यलाई प्रेरणा दियो।



कौशल कुमार भट्टराई | कृष्ण लम्साल | पिएमणि भट्टराई | हरि शरण जमकटेल | गम्भीर ब. हाडा

लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly

प्रधान–सम्पादक/प्रकाशक : कौशल कुमार भट्टराई (९८५११३८२३७)
सम्पादक : कृष्ण लम्साल (९८५१३२२६३२, ९८४१३५१३५६)
कार्यकारी सम्पादक : पिएमणि भट्टराई (९८४३१०९६२०)
वरिष्ठ संवाददाता: आर. अर्याल
अन्तर्राष्ट्रिय समाचार संयोजक: एस. भट्टराई
सल्लाहकार: सह–प्राध्यापक गम्भीर बहादुर हाडा
काननी सल्लाहकार : अधिवक्ता हरि शरण जमकटेल
आई.टी.प्रमुख: स्पन्दन भट्टराई
प्रधान कार्यालय : मध्यपुर थिमी–३, भक्तपुर
काठमाडौं–कार्यालय : बबरमहल, काठमाडौं, फोन: ०१–४२६७०६४
इमेल : nayabimarsha@gmail.com
मुद्रण : सप्तर्षि पब्लिकेशन प्रा.लि., मित्रपार्क, काठमाडौं

## मननीय कुरा

**“महिलाहरूले अझै सिक्न बाँकी कुरा यो हो कि कसैले तपाईंलाई शक्ति दिँदैन। तपाईं यसलाई लिनुहोस्।”**

- रोजेन बार

**“यदि तिनीहरूले तपाईंलाई टेबुलमा सिट दिएनन् भने, एउटा फोल्डिंग कुर्सी ल्याउनुहोस्।”**

- शर्ली चिसोल्म

**“म मेरो आवाज उठाउँछु – म चिच्याउन सकूँ भनेर होइन, तर आवाज नभएकाहरू सुन्न सकोस् भनेर। ... हामी सबै सफल हुन सक्दैनौं जब हामीमध्ये आधालाई रोकिन्छ।”**

- मलाला युसुफजाई

**“समय एउटा बनाइएको बस्तु हो। ‘मसँग समय छैन’ भन्नु भनेको ‘म चाहन्न’ भनेको हो।”**

- दार्शनिक लाओत्से

**“जब एउटी महिला आफ्नो सबैभन्दा मिल्ने साथी बन्छ, जीवन सजिलो हुन्छ।”**

-डियान वोन फर्स्टनबर्ग

## गोपालमानको पत्र गगनलाई

*प्रिय गगन बाबु,*

सम्पन्न संघीय संसदको निर्वाचनको परिणाम हाम्रो अपेक्षाअनुसार आउन सकेन। तर, हाम्रो लागि निर्वाचनको नतिजाभन्दा पनि लोकतन्त्रको रक्षा, विधिको शासनको सुदृढीकरण र राजनीतिक अस्थिरताको अन्त्य नै मुख्य महत्व राख्छ। देश फेरि लयमा फर्कन थालेको छ र यस यात्रामा तपाईंको नेतृत्वले हामीलाई आशा र दिशानिर्देश दिएको छ।



यस निर्वाचनले नेपाली कांग्रेसलाई समयसापेक्ष बन्ने, युवाहरूको आकांक्षा आत्मसात गर्ने, र संगठनात्मक रुपान्तरण गर्ने गहिरो सन्देश दिएको छ। यो नेतृत्वको असफलता मात्र होइन, जनताको परिवर्तनको चाहनाअनुरूप कांग्रेसलाई पूर्ण रुपान्तरण गर्न नसकिएको चेतावनी पनि हो। अब निर्वाचनको सिकाइलाई आत्मसात गर्दै वडा तहदेखि गाउँ, नगर, क्षेत्र, जिल्ला र केन्द्रसम्म संगठन सुदृढीकरण गर्ने संकल्पका साथ अघि बढ्नु अपरिहार्य छ।

गगन बाबु, तपाईंले देखाएको साहस, दृष्टि, र युवाहरूलाई प्रेरित गर्ने क्षमताले हामीलाई अझै दृढ बनाएको छ। यस कठिन घडीमा राजनीमा ल्याउनु वा राजनीमा गर्नुले पार्टी र देश दुवैका लागि हितकर हुँदैन। बरु, हामी सबै कांग्रेसीजनहरू एकढिक्का भएर तपाईंलाई साथ दिनु आवश्यक छ। तपाईंको नेतृत्वमा हामीले नयाँ ऊर्जा, नयाँ आशा, र नयाँ रुपान्तरणको बाटो देखिर हेका छौं।

यस संकटको घडीमा तपाईंलाई पूर्ण समर्थन र ऐक्यबद्धता व्यक्त गर्दै, हामी सबै मिलेर नेपाली कांग्रेसलाई रुपान्तरण गर्ने यात्रामा अगाडि बढ्ने प्रतिज्ञा गर्दछौं।

जय नेपाल।

JANASHAKTI
By HR Capital Nepal

OFFSET PRESS WORK
PAPER DESIGN
CALANDER DESIGN
FLEX BOARD PRINT
STAMP PRINT & Many More...
Pranish Design & Print
Mitrapark, Chabahil, (Behind Telecom)
Ph: 9841475151 / 014462939

# नयाँ सरकारले अर्थतन्त्रको विकासको लागि चाल्नुपर्ने कदमहरु



**–गम्भीर बहादुर हाडा**
**अधिवक्ता तथा सह–प्राध्यापक, अर्थशास्त्र**
**भक्तपुर बहुमुखी क्याम्पस (अवकाशप्राप्त)**

नेपाल एक स्वतन्त्र, अविभाज्य, सार्वभौम, धर्मनिरपेक्ष, समावेशी, लोकतान्त्रिक, समाजवादउन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो। संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मुख्य संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहमा विभाजित छ। नेपालमा कोशी, मधेश, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम गरी ७ प्रदेश र जम्मा ७५३ स्थानीय तह छन्।

पछिल्लो एक महिनामा सार्वजनिक ऋण साढे दुई प्रतिशतले बढेसँगै सार्वजनिक ऋणको आकार बढेको हो। उनका अनुसार माघसम्म करिब सवा २६ खर्ब सार्वजनिक ऋण दायित्व रहेकोमा पछिल्लो समय वृद्धि हुँदा ऋणको आकार बढेको हो। उनले अर्थतन्त्रलाई स्वःस्फूर्त चलायमान बनाइराख्न, विकास निर्माणका कार्यलाई सुचारू राख्न र आर्थिक सामाजिक दायित्व पूरा गर्न आवश्यक न्यून वित्त परिपूर्ति गर्नेका लागि सार्वजनिक ऋण परिचालन आवश्यक रहेको बताए। चालू खर्चसँगै पुँजीगत खर्चका लागि समेत सार्वजनिक ऋणको भर पर्नुपर्ने अवस्था सिर्जना हुँदा ऋण दायित्व र आकार समेत बढेको विज्ञहरु बताउँछन्। राजस्वमार्फत सरकारको खर्च धान्न मुस्किल भएसँगै सार्वजनिक ऋणमा बृद्धि गर्ने परम्पराको कारण समस्या देखिएको अर्थविद्ले बताएका छन्। सरकारले राजस्वको स्रोतहरु पहिल्याउन र राजस्व वृद्धि हुने खालको नीतिनियम कार्यान्वयनमा ल्याई काम गर्नुपर्नेमा त्यसो नगर्दा विकल्पको रूपमा सार्वजनिक ऋण रहेको हुँदा समस्या भएको उनको भनाइ छ।

जीडीपीको आधारमा सार्वजनिक ऋण ४५ दशमलव ७७ प्रतिशत हुन आएको छ जुन जोखिमपूर्ण नहुने कार्यालयका अधिकारीहरु बताउँछन्। विश्व मुद्रा कोषले जीडीपीमा ५५ प्रतिशतभन्दा तलको अनुपातलाई खराब नमान्ने हुँदा नेपालको सार्वजनिक ऋणलाई लिएर समस्या नरहेको कार्यालयका उपसचिवले बताएका छन्। यसैबीच कार्यालयले आन्तरिक ऋण पहिलो चौमासमा उठाउने तयारी रहेको छ। पछिल्लो समय ब्याजदर कम भएको कारण आन्तरिक ऋण परिचालन गरेको पाइन्छ। १८ अर्ब ३० करोडको ट्रेजरी बिल बिक्रीमा ल्याएकोमा भने १० खर्ब १५ अर्ब बराबरको विकास ऋणपत्र कार्यालयले बिक्रीमा ल्याएको कार्यालयले जनाएको छ।

श्रम स्वीकृति लिने दुई महिनाबीचको फरक झण्डै ३० हजारसम्म पुगेको छ। विदेशबाट कामदारको माग जसरी आउँछ, त्यसअनुसार नै यहाँबाट जानेले श्रम स्वीकृति पाउने गरेका छन्। यो संख्याबाहेक श्रम स्वीकृति नलिई आफ्नै पहलमा विदेश जाने र काम पाएपछि श्रम स्वीकृति लिनेको संख्या पनि बढ्दै गएको छ। खासगरी पर्यटक प्रवेशाज्ञा (भिजिट भिजा) मा विभिन्न देश पुगेकाहरु उतै काम खोजेर बस्नेहरु पनि छन्। कतिपय विदेशमा वैधानिक रुपमा नै काम गरेर बस्ने तर नेपाली निकायहरुबाट श्रम स्वीकृति नलिने पनि छन्। त्यसैले विभागले जारी गर्ने श्रम स्वीकृति बाहेक पनि विदेश काम गर्न पुगेको संख्या ठूलो छ।

विभागका अनुसार गत आर्थिक वर्षमा ७ लाख ४१ हजार युवाले वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिएका थिए। यस्तै, आर्थिक वर्ष २०७८-७९ मा श्रम स्वीकृति लिएर विदेश जाने श्रमिकको संख्या ६ लाख ३० हजार ९० थियो। कोभिड महामारीमा खुम्चिएको वैदेशिक रोजगारी पछिल्लो दुई वर्षदेखि क्रमशः बढ्दै आएको छ। आन्तरिक बजारमा काम नपाउनेका लागि वैदेशिक रोजगारी बाध्यात्मक बनेको हो।

स्वदेशमा नै वर्षभरि काम पाउने वातावरण बने विदेश जाने यति धैरै ठूलो संख्या हुने थिएन। विदेसिने क्रम बढेसँगै आर्थिक वर्ष २०८०/८१ मा १६.५ प्रतिशतले वृद्धि भई १४ खर्ब, ४५ अर्ब, ३२ करोड रुपियाँ रेमिट्यान्स भित्रिएको छ जुन जीडीपीको २५.३ प्रतिशत हो। नेपालबाट श्रम गर्न जाने मुख्य देशहरू संयुक्त अरब इमिरेट्स, साउदी अरेबिया, कतार, मलेसिया, कुबेत, क्रोएसिया, रोमानिया, जापान, दक्षिण कोरिया र बहराइनलगायतका रहेको सामी कार्यक्रमका अधिकृतले जानकारी दिएका छन्। नेपालबाट १ सय ११ देशमा श्रम गर्न जान सकिने कानुनी मान्यता छ। वर्षौं विदेशमा पसिना बगाएर घरमा आउँदा न त सम्पत्ति, न त श्रीमती हुने गरेको, अर्कैले कमाएको रकम खाइदिएपछि मानिसहरू डिप्रेसनमा जाने, घरमा झै-झगडा शुरु हुने, जसका कारण सम्बन्धविच्छेद गर्ने र केहीले आत्महत्या समेत गर्ने गरेका घटनाहरू बढेको जिल्ला समन्वय समितिका प्रमुखको भनाइ छ। यस्ता घटना न्यूनीकरण गर्न सबै सरकारले ध्यान दिनुपर्ने बताएका छन्।

हाल अर्थतन्त्रमा बाह्य क्षेत्र, वैदेशिक व्यापारलगायत केही आन्तरिक परिसूचकमा सकारात्मक सुधार देखिए पनि समग्र अर्थतन्त्र सन्तोषजनक छैन। समग्र बजार माग नबढ्दा उद्योगधन्दा, व्यापार व्यवसाय क्षेत्रमा मन्दीको अवस्था छ। बैङ्किङ क्षेत्र अर्थतन्त्रको मेरुदण्ड हो। उत्पादन, रोजगारी सिर्जना, माग, आपूर्ति जस्ता अर्थतन्त्रका आयामलाई बैङ्क तथा वित्तीय संस्थाको क्षमता र कामले प्रभावित पारेको हुन्छ। यसर्थ स्वास्थ्य र दरिलो बैङ्किङ प्रणाली राज्यको आर्थिक विकासको सारथि बन्न सक्छ। आन्तरिक उत्पादन र उपभोग वृद्धिका लागि कर्जा लगानी वृद्धि हुन जरुरी छ।

खराब कर्जाले बैङ्कको नाफा, वृद्धि, प्रतिष्ठा, विश्वसनीयता र समग्र क्षेत्रको स्थायित्वमा असर पार्छ। खराब कर्जा घटाई कर्जाको गुणस्तर कायम गर्म अल्पकालीन रूपमा तर ताकिता, कर्जा नियमन, कर्जा वर्गीकरण कर्जा नोक्सानी व्यवस्था गर्ने, कर्जा डकुमेन्टेसन गर्ने, नियामक निकायको सक्रियता बढाउने, धितोको गुणस्तरमा ध्यान दिने, कर्जा असुली प्रक्रिया शुरुमै शुरु गर्ने, लिलामीको सूचना प्रकाशन, लिलामी सम्पन्न, कर्जा अपलेखन आदि कार्य गर्नु पर्छ। हालको नेपालको बैङ्किङ इन्डूस्टीमा केवल कानूनी र प्रक्रियागत प्रावधानलाई नै खराब कर्जा असुलीका रूपमा लिने गरेको पाइन्छ। सूचना प्रकाशित गर्नु, लिलामी प्रक्रिया सम्पन्न गर्नु मात्र कर्जा असुली होइन, दीर्घकालीन रूपमा खराब कर्जा कम गरी कर्जाको गुणस्तर राम्रो बनाउन भने नियामक केन्द्रीय बैङ्क, सरकार र बैङ्क तथा वित्तीय संस्थाले रणनीतिक रूपमा अन्य धेरै कार्य गर्नु आवश्यक छ।

यसका लागि नीतिगत एवं संस्थागत सुधारमार्फत लगानीको क्षेत्र र मोडालिटीमा परिवर्तन गरी उत्पादनमुखी क्षेत्रमा लगानी केन्द्रित गर्न आवश्यक छ। यसका अतिरिक्त उचित जनशक्ति विकास, सही प्रोजेक्ट विश्लेषण क्षमता अभिवृद्धि, नियामक केन्द्रीय बैङ्कको क्षमता अभिवृद्धि, नियम कानूनको परिपालनालगायतमा सुधार गरी खराब कर्जा कम हुने अवस्थामा ल्याउन सकिने छ।

आगामी पाँच वर्षभित्र नेपाललाई आयातमुखीबाट उत्पादनमुखी अर्थतन्त्रमा लैजान राष्ट्रिय प्राकृतिक स्रोत र मानव पुँजीको अधिकतम उपयोगतर्फ केन्द्रित हुनुपर्छ। विशेषगरी, साना तथा मझौला उद्यम व्यवसायको विकासमा केन्द्रित भएर प्रत्यक्ष रोजगारी सिर्जना गर्नेतर्फ ध्यान केन्द्रित हुनुपर्छ। यसका लागि युवा जनशक्तिलाई दक्ष बनाउन र उनीहरूको उद्यमशीलता विकास गर्न वित्तीय प्रोत्साहन र प्रविधिमा पहुँच सुनिश्चित गर्नुपर्छ। युवाको निराशालाई सम्बोधन गर्ने यो नै दीर्घकालीन र अपरिहार्य उपाय हो। जलविद्युत् र पर्यटन क्षेत्रको विविधीकरणमा पनि ध्यान दिइनुपर्छ।

ऊर्जा क्षेत्रमा जलविद्युत् उत्पादनलाई देशभित्रको खपतका लागि मात्र र केवल क्षेत्रीय बजारमा प्रवेश गर्ने रणनीतिको सोचबाट माथि उठ्नुपर्छ। बरु, भविष्यमा शतप्रतिशत हरित ऊर्जा र हाइड्रोजन अर्थतन्त्रको जग बसाल्नुपर्छ, जसले नेपाललाई ऊर्जा क्षेत्रको 'ग्लोबल हब' बनाउनेछ। साथै, परम्परागत ट्रेकिङ पर्यटनबाट माथि उठेर उच्च मूल्यका र दीर्घकालीन बसोबासलाई प्रोत्साहन गर्नुपर्छ। नेपालको आर्थिक भविष्यको अर्को बलियो खम्बा भनेको ‘हिमालयन इकोनोमी’ को वैज्ञानिक व्यवस्थापन र जलवायु एजेन्डाको अन्तर्राष्ट्रियकरण हो। हाम्रा हिमालहरू केवल पर्यटकीय गन्तव्य मात्र होइनन्। बरु यो राष्ट्रको सबैभन्दा ठूलो सामारिक आर्थिक रिजर्भ’ हुन्। उच्च हिमालय क्षेत्रमा पाइने जडीबुटीलाई स्वदेशमै प्रशोधन केन्द्रहरू स्थापना गरी प्रिमियम हिमालयन मेडिसिन’ का रूपमा विश्व बजारमा लैजाने नीति लिनपर्छ।

नेपालको अर्थतन्त्रमा देखा परेका बाधा, समस्या तथा चुनौतीहरुलाई समाधान गर्ने उपायहरुमा उपलब्धता तथा गुणस्तर, मूल्य र आपूर्तिमा पारदर्शिता कायम गरी कृत्रिम अभाव सिर्जना हुने परिस्थितिको अन्त्य गर्ने कुरालाई लिन सकिन्छ। यसैगरी विश्व बजारमा सम्भाव्य प्रतिस्पर्धी बस्तुको उत्पादन बढाई निकासी प्रवर्द्धन गर्ने, उपभोक्ता अदालतको अविलम्व स्थापना गर्ने, उपभोक्ता हित सङ्घ, प्रदेश र स्थानीय स्तरमा अनुगमन संयन्त्र निर्माण गरी प्रयोगमा ल्याउने, उपभोक्ता सचेतना अभिवृद्धि गर्न विद्यालय शिक्षाको माध्यमिक तहमा उपभोक्ता शिक्षालाई समावेश गर्ने कुरा पनि पर्दछन्।

धेरै स्थानमा मौसममापन केन्द्र स्थापना गरी भरपर्दो सूचना प्रणालीको स्थापना र पूर्व सूचनाको आदानप्रदान गरी कृषिमा सहजीकरण र जलवायुजन्य विपद्बाट हुनसक्ने नोक्सानी कम गर्ने उपाय अवलम्बन गरिनु पर्दछ। Mass Transportation युक्त सार्वजनिक यातायातलाई सरल भरपर्दो बनाई निजी सवारी साधनलाई हतोत्साही गर्ने र विद्युतीय सवारीको प्रयोगलाई बढावा दिने। नीति निर्माण तहमा निकै चर्चा गरिने गरेको कार्बन व्यापार तथा अन्तर्राष्ट्रिय जलवायु वित्तबाट लाभ लिन प्रभावकारी जलवायु कूटनीति, पूर्वसर्त तयारी, संस्थागत क्षमता विकास र तत्परता साथै जवाफदेहिता बढाउने प्रणालीको विकास आवश्यक रहेको छ।

अनुत्पादक एवं वितरणमुखी टुक्रे आयोजना र कार्यक्रम छनोट गर्ने प्रवृत्तिलाई निरुत्साहित गरी उत्पादनमूलक तथा स्थानीय जनताको आवश्यकतालाई सम्बोधन गर्ने प्रतिफल मुखी योजना कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्छ। स्थानीय तहको वित्तीय लेखाङ्कनमा प्रयोग भएको सूत्र सफ्टवेयरमा थप परिमार्जन गरी सबै पालिकाले पूर्णरुपमा प्रयोग गर्ने र लेखा राख्ने जनशक्तिको क्षमतासमेतको अभिवृद्धि गरी उक्त प्रणालीबाट तयार हुने वित्तीय प्रतिवेदनले स्थानीय तहको सबै कारोबार समेटी यथार्थ चित्रण गर्न सक्ने बनाउनुपर्छ।

वित्तीय जवाफदेहिता सम्बन्धी कानून निर्माण गरी इमान्दारी पूर्वक कार्यान्वयन गर्ने, सार्वजनिक खरिद प्रणालीमा सुधार गर्ने, आन्तरिक नियन्त्रण प्रणालीमा सुधार गर्ने, बेरुजु र भ्रष्टाचार बीच सीमाङ्कन गर्ने आदि जस्ता कार्यहरु गर्नु आवश्यक छ।

करको जोखिमलाई कम गर्ने अर्को उपाय भनेको करदाताहरुको कारोबारका आधारमा वर्गीकरण गर्नु पनि कर प्रशासनमा सुधारको महतवपूर्ण आधराशीला हो। खासगरी कर जोखिमलाई कम गर्न र महत्वपूर्ण करदातालाई विशेषरुपमा सेवा दिन (Take Care) करदाताहरुको वर्गीकरण गरिन्छ। करदाता वर्गीकरण जोखिम व्यवस्थापनको पनि एउटा कारण र उपया हो। कर सुधारको सन्दर्भमा छलफल गदौ कुनै कर प्रशासनको सङ्गठन कार्यमूलक छ कि छैन भन्ने आधारमा पनि हेर्नुपर्ने हुन्छ। सङ्गठनलाई जति बढी कार्यमूलक बनाउन सक्यो, त्यसको इगतउगत वा कार्यसम्पादन त्यति नै प्रभावकारी हुन्छ। नेपालको कर प्रशासनको सङ्गठन कार्यमूलक छ र यसलाई कार्यमूलक बनाउन यसमा प्रयोग गरिएकै कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणालीले पनि सहयोग पुऱ्याएको छ।

कर लगाउने र उठाउने विषय एकातिर चुनौतीपूर्ण त छँदैछ, अर्कोतिर कसलाई कर लगाउने र कसलाई कर नलगाउने भन्ने कुरा पनि उत्रिकै ख्याल गर्नुपर्ने विषय हो। कर प्रशासनले कसैलाई पनि कर लगाउने विषयमा पक्षपात गर्नु हुँदैन। सबैलाई समान र निष्पक्ष ब्यवहार प्रदर्शन गर्दछ। यस्तो समता र स्वच्छता प्रदर्शन भएन भने करदाताले कर तिर्ने व्यवहारमा परितर्वन गर्न (तिर्नेले नतिर्ने व्यवहार प्रदर्शन) सक्छ। यसबाट करदाताबीच असमानता बढ्छ। कर प्रशासनले समान कर निर्धारण र सङ्कलनमा समान व्यवहार प्रस्तुत गर्नुपर्दछ। उपभोक्ता हित संरक्षणका लागि तीन तहका सरकारको क्षेत्राधिकारको स्पष्ट मापदण्ड तयार गरी कार्यान्वयन गर्नुपर्ने आवश्यकता रहन आएको छ।

तीनै तहका सरकारका कार्यमा दोहोरोपन नहुने गरी अन्तरसरकार र नियमनकारी निकायहरुबीच समन्वयका लागि ठोस संयन्त्र निर्माणको व्यवस्था गर्नुपर्ने, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग लगायत बजार अनुगमन गर्ने जिल्ला प्रशासन कार्यालयहरु, इलाका प्रशासन कार्यालयहरु, प्रदेश सरकारका निर्देशनालयहरु र स्थानीय तहलाई स्रोतसाधन सम्पन्न बनाउनुपर्ने आवश्यकता रहेको छ। नेपाल सरकारले अत्यावश्यक बस्तु तथा सेवाको सूची प्रकाशन, बजारको तह निर्धारण र बस्तु तथा सेवाको मूल्य निर्धारणको मापदण्ड समेत तयार गर्नुपर्ने जरुरी भएको छ।

जलवायु शिक्षालाई समुदाय तहसम्म बिस्तार गरी न्यूनीकरण तथा अनुकूलनका कार्यक्रमहरुलाई तीनै तहका सरकारका नीति, बजेट तथा कार्यक्रममा आन्तरिकीकरण गर्ने र निजी क्षेत्रलाई पनि नीतिगत सुविधा तथा सहुलियत मार्फत अधिकतम परिचालन गराउने। सेवाग्राहीको इच्छा, चाहना, प्राथमिकतामा ध्यान दिँदै सेवा प्रवाह गर्ने, सार्वजनिक सेवा प्रवाहलाई सरल, सहज र सुलभ तुल्याउने, नागरिक वडापत्रमा उल्लेखित विषयहरुलाई व्यवहारमा लागू गर्ने, सेवाग्राहीसँग मर्यादित ढङ्गमा प्रस्तुत हुने, पारदर्शी र निष्पक्ष व्यवहार गर्ने, प्रक्रियामुखी सेवालाई भन्दा नतिजामुखी सेवामा जोड दिने, सेवा प्रवाहमा गुणस्तर कायम गर्ने, ऐन नियममा रही सेवालाई प्रवाह गर्ने, सेवाप्रवाहमा निष्पक्षता कायम गर्ने, तोकिएको समय र स्थानमा सेवा प्रवाह गर्ने, सेवा प्रवाहमा सुशासन कायम गर्ने आदि।

नयाँ विमर्श

२०८२ फागुन २९ गते शुक्रबार

लोकतन्त्रप्रति पूर्ण समर्पित

साप्ताहिक

नयाँ विमर्श

Naya Bimarsha Weekly

# राष्ट्र बैंकको स्वायत्तता कि राजनीतिक छाया ?

*समस्या के हो भने राष्ट्र बैंक र सरकारबीचको सम्बन्ध सधैं व्यावसायिक सहकार्यमा सीमित रहनुपर्ने ठाउँमा राजनीतिक निकटता र शक्ति सन्तुलनको खेलमा रूपान्तरण हुँदै आएको छ । वित्त नीति सञ्चालन गर्ने अर्थ मन्त्रालय र मौद्रिक नीति सञ्चालन गर्ने राष्ट्र बैंकबीचको सम्बन्ध समय-समयमा खुलेआम तनावग्रस्त बनेको छ । यसैको प्रत्यक्ष उदाहरणका रूपमा तत्कालीन अर्थमन्त्री जनार्दन शर्मा र तात्कालीन गभर्नर महाप्रसाद अधिकारी बीच विकसित भएको टकरावलाई लिन सकिन्छ । नीति, अधिकार क्षेत्र र निर्णय प्रक्रियालाई लिएर सुरु भएको त्यो द्वन्द्व अन्ततः व्यक्तिगत र राजनीतिक आरोप प्रत्यारोपमा रूपान्तरण भयो । सरकारकै प्रस्तावमा गभर्नरलाई पदबाट हटाउने निर्णयसम्म पुग्नु र त्यसविरुद्ध न्यायिक प्रक्रियामा जानु नेपाली केन्द्रीय बैंकको संस्थागत मर्यादामाथि गम्भीर प्रश्न खडा गर्ने घटनाक्रम थियो ।*



रमेश कुमार बोहोरा

कानूनी संरचनाको दृष्टिले हेर्दा नेपाल राष्ट्र बैंक आज पनि स्वायत्त निकायकै रूपमा परिभाषित छ । राज्य व्यवस्थाको व्यावहारिक धरातलमा उभिएर हेर्दा राष्ट्र बैंक अझै पनि सरकारको राजनीतिक छायाबाट मुक्त हुन सकेको छैन । करिब सात दशकअघि स्थापना भएको यस संस्थाले आजसम्म आइपुग्दा मौद्रिक नीति निर्माण, बैंक तथा वित्तीय संस्थाको नियमन, विदेशी विनिमय व्यवस्थापन, भुक्तानी प्रणालीको विस्तार र वित्तीय स्थायित्वको संरक्षण जस्ता अत्यन्त संवेदनशील दायित्व सम्हाल्दै आएको छ । यति गम्भीर र दीर्घकालीन प्रभाव पार्ने जिम्मेवारी बोकेको संस्थाको निर्णय प्रक्रियामा राजनीतिक हस्तक्षेपको आशङ्का सधैं रहिरहनु आफैंमा नेपालको आर्थिक शासन प्रणालीको ठूलो कमजोरी हो ।

मुलुकको समग्र आर्थिक नीति दुइटा मुख्य आधारस्तम्भमा अडिएको हुन्छ । पहिलो, सरकारद्वारा सञ्चालन गरिने वित्त नीति र दोस्रो, केन्द्रीय बैंकद्वारा सञ्चालन गरिने मौद्रिक नीति । यी दुई नीतिबीच सन्तुलित र व्यावसायिक समन्वय हुन सकेमा मात्र दीर्घकालीन आर्थिक स्थायित्व सम्भव हुन्छ । यही कारण विश्वभर केन्द्रीय बैंकलाई सरकारबाट संस्थागत रूपमा अलग र स्वतन्त्र राख्ने अभ्यास विकसित भएको हो । नेपालमा भने व्यवहार उल्टो देखिन्छ । मौद्रिक नीतिका निर्णयहरूमा पटक-पटक राजनीतिक अपेक्षा, लोकप्रियतामुखी दबाब र अल्पकालीन सत्ताकेन्द्रित सोच हाबी हुने गरेको आरोप स्वयं राष्ट्र बैंकभित्रकै पूर्व तथा वर्तमान अधिकारीहरूले सार्वजनिक रूपमा उठाउँदै आएका छन् ।

समस्या के हो भने राष्ट्र बैंक र सरकारबीचको सम्बन्ध सधैं व्यावसायिक सहकार्यमा सीमित रहनुपर्ने ठाउँमा राजनीतिक निकटता र शक्ति सन्तुलनको खेलमा रूपान्तरण हुँदै आएको छ । वित्त नीति सञ्चालन गर्ने अर्थ मन्त्रालय र मौद्रिक नीति सञ्चालन गर्ने राष्ट्र बैंकबीचको सम्बन्ध समय-समयमा खुलेआम तनावग्रस्त बनेको छ । यसैको प्रत्यक्ष उदाहरणका रूपमा तत्कालीन अर्थमन्त्री जनार्दन शर्मा र तात्कालीन गभर्नर महाप्रसाद अधिकारी बीच विकसित भएको टकरावलाई लिन सकिन्छ । नीति, अधिकार क्षेत्र र निर्णय प्रक्रियालाई लिएर सुरु भएको त्यो द्वन्द्व अन्ततः व्यक्तिगत र राजनीतिक आरोप प्रत्यारोपमा रूपान्तरण भयो । सरकारकै प्रस्तावमा गभर्नरलाई पदबाट हटाउने निर्णयसम्म पुग्नु र त्यसविरुद्ध न्यायिक प्रक्रियामा जानु नेपाली केन्द्रीय बैंकको संस्थागत मर्यादामाथि गम्भीर प्रश्न खडा गर्ने घटनाक्रम थियो ।

गभर्नर अधिकारीले सर्वोच्च अदालतबाट अन्तरिम आदेश पाएपछि आफ्नो कार्यकाल पूरा गर्न पाए । त्यस अवधिमा राष्ट्र बैंक र अर्थ मन्त्रालयबीचको सम्बन्ध सामान्य बन्न सकेन । दुवै निकायबीच सहकार्यभन्दा बढी अविश्वास र शक्ति प्रदर्शनीको वातावरण निर्माण भयो । त्यही कालखण्डमा अर्थतन्त्र दबाबमा थियो तर संकट व्यवस्थापनका लागि आवश्यक नीतिगत समन्वय, सूचना आदान-प्रदान र संयुक्त रणनीति विकास हुन सकेन । परिणामस्वरूप, कर्जा विस्तार, ब्याजदर संरचना, वित्तीय अनुशासन र लगानी वातावरण सुधारजस्ता विषयहरू प्रभावकारी रूपमा अघि बढ्न सकेनन् । आज पनि अर्थतन्त्र अपेक्षाअनुसार चलायमान नहुनुको कारणका रूपमा त्यो समयमा देखिएको नीतिगत असन्तुलनलाई गम्भीर रूपमा लिइन्छ ।

यही पृष्ठभूमिमा सरकारले राष्ट्र बैंकलाई थप स्वायत्त, सक्षम र नियामकीय रूपमा शक्तिशाली बनाउने दाबी गर्दै राष्ट्र बैंक ऐन, २०५८ संशोधनको प्रक्रिया अघि बढाएको छ । विधेयकमा सञ्चालक समितिको संरचना, नियमन तथा सुपरिभिजन अधिकार, वित्तीय संकट व्यवस्थापन, डिजिटल बैंक तथा डिजिटल मुद्राको कानुनी आधार, जगेडा कोषको संरचना र वित्तीय विकास कोषको अवधारणासमेत समेटिएको छ । कागजमा हेर्दा यी सबै प्रावधानहरू राष्ट्र बैंकको संस्थागत क्षमता विस्तारतर्फ उन्मुख देखिन्छन् । तर गहिरो रूपमा अध्ययन गर्दा मुख्य प्रश्न फेरि पनि एउटै बिन्दुमा आएर ठोक्किन्छ । नियुक्ति प्रक्रिया साँच्चै राजनीतिक प्रभावबाट मुक्त हुनेछ कि हुनेछैन ?

प्रस्तावित विधेयकअनुसार अर्थ मन्त्रालयका सचिवबाहेक नेपाल सरकार तथा सार्वजनिक संस्थानका पदाधिकारी वा कर्मचारीलाई राष्ट्र बैंकको सञ्चालक बन्न रोक लगाउने व्यवस्था गरिएको छ । राष्ट्र बैंकका पूर्वकर्मचारीको हकमा अवकाशपछि कम्तीमा तीन वर्ष पूरा नभएसम्म सञ्चालक बन्न नपाउने प्रस्ताव गरिएको छ । सतहमा हेर्दा यो सुधारात्मक देखिए पनि मूल समस्या अझै बाँकी रहन्छ किनभने गभर्नर, डेपुटी गभर्नर र बाँकी सञ्चालक नियुक्त गर्ने अन्तिम अधिकार सरकारकै हातमा रहने व्यवस्था यथावत् छ । यस्तो अवस्थामा नियुक्ति प्रक्रियामा राजनीतिक स्वार्थ हावी नहुने सुनिश्चितता कसरी गर्ने भन्ने प्रश्न विधेयकले स्पष्ट रूपमा सम्बोधन गरेको देखिँदैन ।

नेपालमा गभर्नर र डेपुटी गभर्नर बन्न सत्तारूढ दलसँग प्रत्यक्ष वा अप्रत्यक्ष सम्बन्ध हुनु अनिवार्य जस्तै मानिने अवस्था विकसित भइसकेको छ । सञ्चालक समितिमा पनि विज्ञता, स्वतन्त्र सोच र दीर्घकालीन दृष्टिकोणभन्दा बढी पहुँच, सिफारिस र शक्ति सन्तुलनका आधारमा व्यक्तिहरू नियुक्त हुने गरेको गुनासो नयाँ होइन । विगतमा नियुक्त भएका कतिपय सञ्चालकको पृष्ठभूमि, योग्यता र अनुभवले राष्ट्र बैंकजस्तो संवेदनशील संस्थामा उनीहरूको भूमिकामाथि प्रश्न उठाएको तथ्य स्वयं सार्वजनिक बहसमा आइसकेको छ ।

कानुनले सञ्चालक फरक-फरक क्षेत्रमा ख्याति कमाएका, ज्ञान र अनुभव भएका स्वतन्त्र व्यक्ति हुनुपर्ने व्यवस्था गरे पनि व्यवहारमा यो प्रावधान कार्यान्वयन हुन सकेको छैन । राजनीतिक पहुँच भएका व्यक्तिलाई 'विज्ञ' को लेबल टाँसेर नियुक्त गर्ने परिपाटी नै संस्थागत समस्याको मूल जरो बनेको छ । यही कारण ऐन संशोधन गरेर मात्र राष्ट्र बैंक स्वायत्त बन्छ भन्ने निष्कर्ष निकाल्नु आत्मसन्तुष्टिमात्र हुनेछ ।

प्रस्तावित विधेयकमा राष्ट्र बैंकले साधारण जगेडा कोष स्थापना गरी नोक्सानी व्यहोर्न तथा पुँजी वृद्धि गर्न सक्ने व्यवस्था गरिएको छ । विदेशी मुद्रा, सुन तथा वित्तीय उपकरणको पुनर्मूल्यांकनबाट हुने नाफा वा नोक्सानीका लागि छुट्टै पुनर्मूल्यांकन जगेडा कोष स्थापना गर्ने प्रावधान पनि समेटिएको छ । कुल मौद्रिक दायित्वको पाँच प्रतिशत नबढ्ने गरी वित्तीय विकास कोष स्थापना गर्ने व्यवस्था राखिएको छ । यी प्रावधानहरू प्राविधिक रूपमा महत्वपूर्ण भए पनि तीभन्दा अझ गहिरो प्रश्न राष्ट्र बैंकले ती स्रोत र अधिकार प्रयोग गर्दा कसरी स्वतन्त्र निर्णय गर्न सक्छ भन्ने हो ।

डिजिटल बैंक, डिजिटल मुद्रा र वित्तीय होल्डिङ कम्पनीलाई ऐनमै परिभाषित गर्ने सरकारको प्रस्तावले नेपालमा वित्तीय प्रणालीको रूपान्तरणतर्फको संकेत दिन्छ । डिजिटल वित्तीय प्रणाली अत्यन्तै उच्च जोखिम र संवेदनशील प्रविधिसँग जोडिएको विषय हो । यस्ता क्षेत्रमा नियामकको निर्णय कुनै राजनीतिक दबाब वा व्यावसायिक स्वार्थबाट प्रभावित भयो भने त्यसको असर सम्पूर्ण वित्तीय प्रणालीमा पर्न सक्छ । त्यसैले डिजिटल वित्तसम्बन्धी नीतिगत निर्णयमा राष्ट्र बैंकको व्यावसायिक स्वतन्त्रता झनै अनिवार्य बन्छ ।

विधेयकले राष्ट्र बैंकलाई समष्टिगत विवेकशील नियामकका रूपमा काम गर्ने, समस्याग्रस्त बैंक तथा वित्तीय संस्थालाई नियन्त्रणमा लिने, आवश्यक परे 'रिजोलुसन' गर्ने अधिकार दिने प्रस्ताव गरेको छ । व्यवहारमा भने यस्ता निर्णयहरू अत्यन्त राजनीतिक संवेदनशील हुन्छन् । कुनै ठूलो बैंक वा वित्तीय संस्थामाथि कारबाही गर्दा शक्तिशाली व्यवसायिक समूह, राजनीतिक नेतृत्व र सरकारी निकायहरूको दबाब स्वाभाविक रूपमा सिर्जना हुन्छ । यस्तो अवस्थामा गभर्नर र सञ्चालक समिति राजनीतिक रूपमा असुरक्षित भए भने नियामक साहस देखाउन सक्ने अवस्था रहँदैन ।

राष्ट्र बैंकको प्रमुख उद्देश्य मूल्यवृद्धि नियन्त्रण गर्नु हो । तर लोकप्रियता खोज्ने राजनीतिक नेतृत्वका लागि सस्तो कर्जा, ब्याजदरमा कृत्रिम हस्तक्षेप र अल्पकालीन विस्तारवादी नीतिहरू आकर्षक देखिन्छन् । सरकारको यस्तो दबाबलाई राष्ट्र बैंकले अस्वीकार गर्न सक्ने हैसियत राख्नुपर्छ । नत्र मुद्रास्फीति, मुद्रा अवमूल्यन, वित्तीय असन्तुलन र दीर्घकालीन संकटको जोखिम बढ्छ । नेपालको सन्दर्भमा विगतमा भएका कर्जा विस्तारका लहर, रियल इस्टेट तथा सेयर बजारमा देखिएको अस्वाभाविक उछाल र त्यसपछिको सङ्कुचन यही कमजोरीको प्रतिफलका रूपमा बुझ्न सकिन्छ ।

राष्ट्र बैंक सरकारको आदेश पालना गर्ने मात्र प्राविधिक निकाय होइन । यो मुलुकको आर्थिक स्वास्थ्यको निगरानी गर्ने, सरकारलाई नीतिगत सल्लाह दिने र आवश्यक परे अलोकप्रिय तर आवश्यक निर्णय गर्न सक्ने संस्थागत हैसियतमा रहनुपर्छ । सरकार गलत दिशामा जान खोज्दा त्यसलाई तथ्य, विश्लेषण र जोखिमको आधारमा सचेत गराउने नै केन्द्रीय बैंकको जिम्मेवारी हो । तर नियुक्ति प्रक्रियाबाटै ऋणी बनेका गभर्नर र सञ्चालकले यस्तो भूमिका निर्वाह गर्न सक्ने अपेक्षा व्यवहारिक हुँदैन ।

यही कारण राष्ट्र बैंकको स्वायत्तता केवल कानुनी शब्दमा सीमित हुनु हुँदैन । नियुक्ति प्रक्रियामा राजनीतिक हस्तक्षेप न्यून गर्ने स्पष्ट मापदण्ड, खुला प्रतिस्पर्धामार्फत योग्य व्यक्तिको छनोट, स्वतन्त्र सिफारिस समिति र संसदीय सुनुवाइजस्ता संरचनात्मक सुधार अपरिहार्य देखिन्छन् । नियुक्ति पश्चात् गभर्नर तथा सञ्चालकलाई नीतिगत निर्णयका कारण पदमुक्त गर्ने वा दबाब सिर्जना गर्ने सम्भावना बन्द गर्न कानुनी सुरक्षा पनि आवश्यक हुन्छ ।

नेपालको आर्थिक संरचना अझै पनि बाह्य निर्भरता, कमजोर उत्पादन आधार, सीमित रोजगारी सिर्जना र वित्तीय क्षेत्रको असन्तुलित विस्तारको चक्रमा अल्झिएको छ । यस्तो अवस्थामा मौद्रिक नीतिको स्थिरता र नियामक संस्थाको विश्वसनीयता नै अर्थतन्त्रको अन्तिम भरोसा बन्ने गर्छ । राष्ट्र बैंकमाथि आम नागरिक, लगानीकर्ता र अन्तर्राष्ट्रिय साझेदारको विश्वास कमजोर भयो भने त्यसको असर पूँजी प्रवाहदेखि मुद्रा स्थायित्वसम्म फैलिन सक्छ ।

यसैले राष्ट्र बैंकलाई स्वायत्त बनाउने बहस कुनै प्रशासनिक सुधारको सामान्य विषय होइन । यो मुलुकको आर्थिक शासन, लोकतान्त्रिक उत्तरदायित्व र संस्थागत परिपक्वताको परीक्षा हो । ऐन संशोधनले नयाँ अधिकार र संरचना त दिन सक्छ । तर व्यवहारमा राजनीतिक हस्तक्षेप, नियुक्तिमा पहुँचको राजनीति र नीतिगत निर्णयमा दबाबको संस्कृति अन्त्य हुन सकेन भने राष्ट्र बैंक फेरि पनि कानूनी रूपमा मात्र स्वायत्त रहनेछ ।

आजको सन्दर्भमा राष्ट्र बैंकलाई चाहिएको स्वतन्त्रता सरकारसँग टकराव गर्न होइन, मुलुकको दीर्घकालीन हित सुरक्षित गर्न हो । गभर्नर र सञ्चालकले सरकारका लागि होइन, नागरिक र अर्थतन्त्रका लागि उत्तरदायी हुने संस्थागत संस्कृति विकास गर्न सकिएन भने 'स्वायत्त केन्द्रीय बैंक' केवल भाषण र प्रतिवेदनमा सीमित शब्दमै सीमित रहनेछ । त्यसैले राष्ट्र बैंकलाई साँच्चिकै स्वायत्त बनाउने निर्णायक आधार ऐनका धाराभन्दा बढी नियुक्ति प्रक्रियामा देखिने राजनीतिक संयम, पारदर्शिता र योग्यता केन्द्रित सोचमै निर्भर छ । यही परिवर्तनबिना राष्ट्र बैंकको हैसियत सरकारको आर्थिक सल्लाहकारभन्दा बढी सत्ता व्यवस्थाको एउटा औजारमै सीमित रहने जोखिम अझै कायम रहनेछ ।

## गगनलाई राजीनामा नगर्न सुझाव

ललितपुर/ नेपाली कांग्रेसका अग्रज नेता गोपालमान श्रेष्ठले सभापति गगनकुमार थापालाई राजीनामा नदिई नयाँ जनादेशअनुसार पार्टी संगठनमा लाग्न आग्रह गर्नु भएको छ ।

थापाले राजीनामा दिने चर्चाबीच बुधबार फेसबुमा सन्देश लेख्दै नेता श्रेष्ठले हालै सम्पन्न निर्वाचनमा अपेक्षाकृत परिणाम आउन नसके पनि पार्टीलाई एकढिक्का बनाएर अगाडि बढ्नु पर्नेमा जोड दिँदै राजीनामा अहिलेको अवस्थामा विकल्प नरहेको बताउनु भएको हो ।

उहाँले सभापति थापाले देखाएको साहस, दृष्टि र युवाहरूलाई प्रेरित गर्ने





क्षमताले कांग्रेसलाई अझै दृढ बनाएको धारणा राख्नु भएको छ । 'यस कठिन घडीमा राजीनामा ल्याउनु वा राजीनामा गर्नुले पार्टी र देश दुवैका लागि हितकर हुँदैन। बरु, हामी सबै कांग्रेसीजनहरू एकढिक्का भएर तपाईंलाई साथ दिनु आवश्यक छ। तपाईंको नेतृत्वमा हामीले नयाँ ऊर्जा, नयाँ आशा र नयाँ रुपान्तरणको बाटो देखिरहेका छौं,' उहाँले भन्नु भएको छ।

निर्वाचनको नतिजाभन्दा लोकतन्त्रको रक्षा, विधिको शासनको सुदृढीकरण र राजनीतिक अस्थिरताको अन्त्य नै मुख्य महत्त्व राख्ने नेता श्रेष्ठले बताउनु भएको छ । 'देश फेरि लयमा फर्कन थालेको छ र यस यात्रामा तपाईंको नेतृत्वले हामीलाई आशा र दिशानिर्देश दिएको छ,' नेता श्रेष्ठले आफ्नो स्टाटसमा लेख्नु भएको छ ।निर्वाचनको परिणाम नेतृत्वको असफलता मात्र नभई जनताको परिवर्तनको चाहनाअनुरूप कांग्रेसलाई पूर्ण रूपान्तरण गर्न नसकिएको चेतावनी रहेको पनि श्रेष्ठले बताउनु भएको छ ।

त्यसकारण निर्वाचनको सिकाइलाई आत्मसात गर्दै वडादेखि गाउँ, नगर, क्षेत्र, जिल्ला र केन्द्रसम्म संगठन सुदृढीकरण गर्ने संकल्पका साथ अघि बढ्नु अपरिहार्य रहेको उनको भनाइ छ। 'यस संकटको घडीमा तपाईंलाई पूर्ण समर्थन र ऐक्यबद्धता व्यक्त गर्दै, हामी सबै मिलेर कांग्रेसलाई रुपान्तरण गर्ने यात्रामा अगाडि बढ्ने प्रतिज्ञा गर्दछौं,' नेता श्रेष्ठले भन्नु भएको छ ।

## आचार्यले जोगाएको कांग्रेसको नाक

रसुवा/ बागमती प्रदेशबाट नेपाली कांग्रेसका तर्फबाट प्रतिनिधिसभा सदस्यमा विजयी हुने एकमात्र उम्मेदवार इन्जिनीयर मोहन आचार्य बन्नु भएको छ ।



नवपुस्ता (जेन-जी) आन्दोलनपछि गठन भएको सुशीला कार्की नेतृत्वको सरकारले फागुन २१ गते गराएको प्रतिनिधिसभा निर्वाचनमा कांग्रेसले देशभर कमजोर नतिजा निकालेको अवस्थामा बागमती प्रदेशमा भने उहाँले मात्र जित्न सफल हुनु भएको हो ।

बागमती प्रदेशभर राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को लहर देखिएका बेला रसुवा जिल्लाबाट आचार्यले १०,६५६ मत प्राप्त गर्दै तेस्रोपटक प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएर ह्याट्रिक गर्नु भएको छ । उहाँका निकटतम प्रतिस्पर्धी रास्वपाका वसन्त भट्टले ५,५७१ मत प्राप्त गर्नु भएको थियो ।

यो प्रदेशका ३३ निर्वाचन क्षेत्रमध्ये ३१ क्षेत्रमा रास्वपाका उम्मेदवार विजयी भए । एक क्षेत्रमा नेपाल कम्युनिष्ट पार्टी र एक क्षेत्रमा कांग्रेसका उम्मेदवार निर्वाचित भएका हुन् । उक्त प्रदेशमा नेकपा (एमाले)ले भने कुनै सिट जित्न नसकेको निर्वाचन आयोगले जनाएको छ ।

आचार्य यसअघि २०७४ र २०७९ सालको प्रतिनिधिसभा निर्वाचनमा पनि निर्वाचित भई सक्नु भएको छ । २०७४ मा तात्कालीन नयाँ शक्ति पार्टीसँग तथा २०७९ मा तात्कालीन नेकपा (माओवादी केन्द्र)सँग गठबन्धन हुँदा पनि उहाँ विजयी हुनु भएको थियो ।

Considering studying or working aboard?

Come to **Joy International Language Institute**

for all levels of

English and Spanish Language Classes

including **IELTS, PTE, TOEFL**


*Improve your conversation skills speaking with a native speaker.*

Gatthaghar Road (on the way to Global Pathsala School Junior Block)

Contact the Office :

974 597 9010

joylanguageinstitute@gmail.com



लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly

विदेशमा रहेका विद्यार्थीका अभिभावकलाई जानकारी

तपाईका सन्तान विदेशमा पढ्दैछन् ?
तपाईका सन्तान विदेशमा पढ्न जाँदैछन् ?
तपाई आफ्ना सन्तानलाई विदेशमा पढाउन लागि रहनु भएको छ ?

यदि माथिको कुनै पनि अवस्थामा तपाईहरु हुनुहुन्छ भने नेपालमा रहेका आमाबुबा वा अभिभावकका लागि भनी नेपालमा संस्था (मुनाफा वितरण नगर्ने कम्पनी) खोलिएको छ। तपाईहरु पनि जोडिए सहकार्य गर्न सक्नुहुनेछ।
त्यसका लागि
सम्पर्क नं.९८१८६७००८८ (अध्यक्ष)
इन्टरनेशनल स्टुडेन्ट्स प्यारेन्ट वेलफेयर सेन्टर नेपाल
काठमाडौं–११, बबरमहल

# लोकतन्त्रमा हार र जीत दुवै स्वाभाविक प्रकृया

**प्रेमचन्द्र झा**

नेपालको राजनीतिले पछिल्ला तीन दशकभन्दा बढी समयको यात्रामा धेरै परिवर्तनहरू देखेको छ। व्यवस्था फेरियो, शासनका स्वरूप बदलिँदै गए, नयाँ संविधान आयो, नयाँ नेतृत्वहरू उदाए र पुराना शक्तिहरू कमजोर हुँदै गए। यति धेरै राजनीतिक परिवर्तनहरूको बीचमा एउटा प्रश्न भने निरन्तर उठिरह्यो–के यी परिवर्तनहरूले नागरिकको जीवनमा अपेक्षित सुधार ल्याए?

आजको राजनीतिक परिस्थिति हेर्दा यही प्रश्न झन् गम्भीर रूपमा उठेको देखिन्छ। लामो समयसम्म राजनीतिमा प्रभाव जमाएका दलहरू अचानक असहज स्थितिमा पुगेका छन्। सत्ता र शक्तिको केन्द्रमा वर्षौंसम्म बसेका नेताहरू आज आत्मरक्षाको अवस्थामा देखिन्छन्। यस्तो परिस्थिति कसरी आयो भन्ने विषयमा गम्भीर बहस आवश्यक छ।

कसैले कल्पना पनि गरेको थिएन कि दशकौँसम्म शासनको केन्द्रमा रहेका शक्तिहरू एकाएक यति कमजोर देखिन थाल्नेछन्। कसैले सोचेको थिएन कि आफूलाई राजनीतिका धुरन्धर खेलाडी मान्ने नेताहरूलाई भर्खरै उदाएका युवापुस्ताका नयाँ शक्तिहरूले यति ठूलो चुनौती दिनेछन्। राजनीति त्यही क्षेत्र हो जहाँ स्थायित्वभन्दा परिवर्तन बलियो हुन्छ। जनताको मन परिवर्तन भए राजनीति पनि परिवर्तन हुन्छ।

नेपालको लोकतान्त्रिक यात्राको शुरुवात ठूलो आशा र उत्साहका साथ भएको थियो। जनताले संघर्ष गरेर प्राप्त गरेको अधिकारले देशलाई नयाँ दिशातर्फ लैजाने विश्वास थियो। बहुदलीय व्यवस्था पुनःस्थापित भएपछि नागरिकहरूले सोचेका थिए–अब शासन पारदर्शी हुनेछ, विकास तीव्र गतिमा अघि बढ्नेछ, र राज्यले नागरिकको जीवनलाई सहज बनाउनेछ।

समय बित्दै जाँदा जनताको अपेक्षा र वास्तविकताको बीचमा दूरी बढ्दै गयो। राजनीतिक दलहरूबीचको प्रतिस्पर्धा विकासको नीतिमा होइन, सत्ताको समीकरणमा केन्द्रित हुन थाल्यो। गठबन्धन बनाउने र भत्काउने खेलले शासन प्रणालीलाई अस्थिर बनायो। जनताको जीवनमा प्रत्यक्ष असर पर्ने मुद्दाहरू भने पछाडि पर्दै गए।

तीन दशकको अवधिमा देशले धेरै सरकारहरू देख्यो। प्रधानमन्त्रीहरू फेरिए, गठबन्धन फेरिए, तर आम नागरिकको जीवनमा ठूलो परिवर्तन देखिएन भन्ने गुनासो व्यापक हुँदै गयो। विकासका योजनाहरू कागजमै सीमित हुने, भ्रष्टाचारका आरोपहरू बारम्बार उठ्ने र राज्यका निकायहरू राजनीतिक प्रभावमा परेको आरोप लागिरहने अवस्थाले नागरिकमा निराशा बढाउँदै लग्यो। यही निराशाले समाजमा एउटा मौन असन्तोष सिर्जना गरिरहेको थियो। त्यो असन्तोष लामो समयसम्म बाहिर प्रकट नहुन सक्छ, तर एक दिन त्यो राजनीतिक परिवर्तनको रूपमा प्रकट हुन्छ। इतिहासले देखाएको छ–जब जनताको धैर्यको सीमा पार हुन्छ, तब परिवर्तन अवश्य हुन्छ। आज देखिएको राजनीतिक परिदृश्यलाई पनि यही सन्दर्भमा बुझ्नुपर्छ। यो अचानक भएको घटना होइन। यो वर्षौँदेखि जम्दै आएको असन्तोषको परिणाम हो। नागरिकले आफ्ना मतमार्फत एउटा सन्देश दिएका छन् –राजनीति अब पुरानै ढर्रामा चल्न सक्दैन। लामो समयसम्म सत्ता र शक्ति आफ्नो वरिपरि केन्द्रित राख्ने दलहरूमा एउटा समस्या देखिन्छ–आत्मसन्तुष्टि। जब नेतृत्वलाई लाग्न थाल्छ कि जनताको समर्थन स्थायी रूपमा आफ्नो पक्षमा छ, तब उनीहरू जनभावनाबाट टाढा हुन थाल्छन्।

राजनीतिमा अहंकार सबैभन्दा ठूलो कमजोरी हो। नेतृत्वले आफूलाई आलोचनाभन्दा माथि राख्न थाल्यो भने त्यहाँबाट समस्याहरू शुरु हुन्छन्। नागरिकका गुनासा सुन्ने क्षमता घट्दै जान्छ। आलोचनालाई सुधारको अवसरका रूपमा हेर्नुको सट्टा विरोधको रूपमा बुझ्न थालिन्छ।

यस्तो अवस्थामा नेतृत्व र जनताको बीचमा दूरी बढ्दै जान्छ। त्यो दूरी एक दिन चुनावी परिणाममा प्रकट हुन्छ। नेपालको राजनीतिक दलहरूमा अर्को ठूलो समस्या भनेको आन्तरिक विवाद हो। गुटबन्दी, नेतृत्वको प्रतिस्पर्धा, टिकट वितरणमा देखिने विवाद, र व्यक्तिगत महत्वाकांक्षाले संगठनलाई कमजोर बनाउँछ। जब पार्टीभित्र नै विश्वासको संकट उत्पन्न हुन्छ, तब त्यो संकट बाहिर पनि देखिन थाल्छ।

कतिपय अवस्थामा पार्टीका नेताहरू आपसमा यति धेरै विवादमा फस्छन् कि जनताको मुद्दा नै ओझेलमा पर्छ। राजनीतिमा यस्तो अवस्था लामो समय टिक्न सक्दैन। नागरिकले अन्ततः विकल्प खोज्न थाल्छन्।

आजको समाजमा सूचना प्रविधिको प्रभाव अत्यन्त ठूलो छ। सामाजिक सञ्जालले नागरिकलाई आफ्नो आवाज व्यक्त गर्ने नयाँ माध्यम दिएको छ। पहिले जनमत निर्माण गर्न धेरै समय लाग्थ्यो, तर अहिले एउटा घटना वा अभिव्यक्तिले केही घण्टामै देशव्यापी बहस सिर्जना गर्न सक्छ । यसले राजनीतिमा पारदर्शिताको आवश्यकता अझ बढाएको छ। नेताहरूको व्यवहार, निर्णय, र अभिव्यक्ति अब तुरुन्तै सार्वजनिक बहसको विषय बन्न सक्छ। त्यसैले राजनीतिमा जिम्मेवारी र संवेदनशीलता झन् आवश्यक भएको छ।

यसैबीच, युवापुस्तामा परिवर्तनको चाहना तीव्र रूपमा बढेको देखिन्छ। उनीहरू पुराना राजनीतिक भाष्यभन्दा फरक सोच चाहन्छन्। पारदर्शिता, उत्तरदायित्व र परिणाममुखी शासनप्रति उनीहरूको अपेक्षा बढी छ।

नेपालबाट ठूलो संख्यामा युवाहरू विदेश गइरहेको वास्तविकता पनि यही असन्तोषसँग जोडिएको छ। रोजगारीको अभाव, अवसरको कमी र भविष्यप्रतिको अनिश्चितताले युवाहरूलाई देश छोड्न बाध्य बनाइरहेको छ। जब युवापुस्ताले आफ्नै देशमा सम्भावना देख्न छोड्छ, त्यो राज्यका लागि गम्भीर चेतावनी हो।

नयाँ राजनीतिक शक्तिहरूको उदय पनि यही सन्दर्भमा बुझ्नुपर्छ। जब पुराना दलहरूले जनताको अपेक्षा पूरा गर्न सक्दैनन्, तब समाजले नयाँ विकल्प खोज्छ । नयाँ पार्टीहरू, नयाँ नेतृत्व र नयाँ भाष्यले त्यही खाली स्थान भर्न खोज्छन्। नयाँ शक्ति आउनु मात्र पर्याप्त हुँदैन। वास्तविक चुनौती भनेको विश्वासलाई कायम राख्नु हो। जनताले परिवर्तनको आशामा समर्थन दिएका हुन्छन्। यदि त्यो आशा पूरा हुन सकेन भने निराशा अझ गहिरो हुन सक्छ।

त्यसैले नयाँ नेतृत्वका लागि जिम्मेवारी झन् ठूलो हुन्छ। उनीहरूले पारदर्शिता, इमानदारी, र प्रभावकारी शासनमार्फत आफूलाई फरक सावित गर्नुपर्छ।लोकतन्त्रमा हार र जीत दुवै स्वाभाविक प्रक्रिया हुन्। कुनै पनि दल सधैं सत्तामा रहन सक्दैन र कुनै पनि दल सधैं प्रतिपक्षमा रहिरहनुपर्ने छैन। राजनीतिक शक्तिको उतार-चढाव लोकतान्त्रिक प्रणालीको स्वाभाविक विशेषता हो। हारलाई कसरी लिने भन्ने कुरा महत्वपूर्ण हुन्छ। यदि हारलाई केवल अपमानको रूपमा लिइयो भने त्यसबाट कुनै सुधार सम्भव हुँदैन। यदि हारलाई आत्मसमीक्षाको अवसरका रूपमा लिइयो भने त्यो भविष्यका लागि उपयोगी बन्न सक्छ। पुराना दलहरूका लागि अहिलेको समय आत्मसमीक्षाको समय हो । विगतका निर्णयहरू, नीतिहरू र व्यवहारको गम्भीर समीक्षा आवश्यक छ। संगठनलाई पुनःसंगठित गर्नुपर्ने आवश्यकता देखिएको छ।

सबैभन्दा महत्वपूर्ण कुरा भनेको नयाँ पुस्तालाई अवसर दिनु हो। राजनीति केवल केही व्यक्तिहरूको वरिपरि केन्द्रित रहँदा संगठन कमजोर हुन्छ। नयाँ नेतृत्वलाई अघि ल्याएर मात्र संगठनलाई जीवित राख्न सकिन्छ।

राजनीतिमा सम्मान र सहकार्यको संस्कृति पनि अत्यन्त आवश्यक छ। असहमति लोकतन्त्रको स्वाभाविक हिस्सा हो, तर असहमति व्यक्तिगत शत्रुतामा परिणत हुनु हुँदैन। नेपाल जस्तो विविधता भएको देशमा सबै राजनीतिक शक्तिहरूको भूमिका महत्वपूर्ण हुन्छ। राष्ट्रिय हितका विषयहरूमा सहकार्य आवश्यक हुन्छ। विकास, शिक्षा, स्वास्थ्य, र आर्थिक समृद्धि जस्ता मुद्दामा दलहरूबीच सहमति बन्न सक्नुपर्छ।

आजको राजनीतिक परिस्थितिले एउटा महत्वपूर्ण सन्देश दिएको छ–जनता नै लोकतन्त्रको अन्तिम निर्णायक शक्ति हुन्। जब जनताको आवाजलाई बेवास्ता गरिन्छ, तब उनीहरूले आफ्नो मतमार्फत जवाफ दिन्छन्।त्यसैले आज देखिएको परिणामलाई केवल कसैको हार वा कसैको जीतको रूपमा मात्र हेर्नु उचित हुँदैन। यो लोकतान्त्रिक प्रक्रियाको एउटा चरण हो। यसले सबैलाई एउटा स्पष्ट



सन्देश दिएको छ–राजनीति जनताको विश्वासमा टिकेको हुन्छ। यदि त्यो विश्वास कमजोर भयो भने ठूलो शक्ति पनि कमजोर हुन सक्छ। नेपालको भविष्य अझै सम्भावनाले भरिएको छ। देशसँग युवा जनसंख्या छ, प्राकृतिक स्रोतहरू छन् र परिवर्तन चाहने समाज छ। यदि राजनीतिक नेतृत्वले जिम्मेवारीपूर्वक काम गर्‍यो भने देशलाई सकारात्मक दिशातर्फ लैजान सकिन्छ।

आज आवश्यक कुरा भनेको दोषारोपण होइन, सुधारको प्रतिबद्धता हो। राजनीति सेवा र जिम्मेवारीको माध्यम बन्न सक्यो भने मात्र जनताको विश्वास पुनःस्थापित हुन सक्छ। अन्ततः लोकतन्त्रको सार यही हो–जनताको इच्छा सर्वोपरि हुन्छ। जब नागरिक सचेत हुन्छन् र आफ्नो अधिकार प्रयोग गर्छन्, तब देशको राजनीतिक दिशा पनि परिवर्तन हुन्छ।

यस अर्थमा हेर्दा आजको परिस्थिति कुनै एक दल वा व्यक्तिको मात्र हार होइन। यो लोकतान्त्रिक चेतनाको संकेत पनि हुन सक्छ। यदि सबै राजनीतिक शक्तिहरूले यसबाट पाठ सिके भने भविष्यमा नेपालको राजनीति अझ परिपक्व, उत्तरदायी र जनमुखी बन्न सक्छ।

त्यसैले अहिले आवश्यक कुरा भनेको एक-अर्कालाई दोष दिने होइन, जनताको सन्देशलाई बुझ्ने हो। जनताले दिएको संकेतलाई सही रूपमा ग्रहण गर्न सकियो भने यही क्षण नेपालका लागि नयाँ राजनीतिक अध्यायको शुरुवात बन्न सक्छ। केवल नेतृत्व र दलहरूको आन्तरिक संरचनामा सुधार गर्नु पर्याप्त हुँदैन। प्रणालीगत सुधार पनि आवश्यक छ। निर्वाचन प्रक्रिया, प्रशासनिक पारदर्शिता, न्यायिक स्वतन्त्रता र सार्वजनिक नीति कार्यान्वयनमा द्रुतता र प्रभावकारिता जस्ता पक्षहरूमा सुधार हुनु अनिवार्य छ।

जबसम्म राजनीतिक नेतृत्वले यी क्षेत्रहरूमा ध्यान दिँदैन, तबसम्म जनताको जीवनमा वास्तविक परिवर्तन देखिन गाह्रो हुनेछ । शिक्षा र युवा सशक्तिकरण पनि राजनीति र समाजको दिगो विकासको आधार हुन्। आजको युवापुस्ताले सूचना र विश्वव्यापी दृष्टिकोण राख्छ। उनीहरूलाई निर्णय प्रक्रियामा सहभागी गराउने, नीति निर्माणमा सुझाव लिनु र उनीहरूको नेतृत्व क्षमता विकास गर्नु देशको दीर्घकालीन स्थायित्वका लागि महत्त्वपूर्ण छ।

त्यसैगरी, नेपालमा सामाजिक समानता, क्षेत्रीय समृद्धि र अवसरको समान वितरण सुनिश्चित गर्नुपर्ने आवश्यकता छ। केवल राजधानी वा शहरमा केन्द्रित विकासले देशको वास्तविक क्षमता विकास गर्न सक्दैन। गाउँ र ग्रामीण क्षेत्रका नागरिकको जीवनस्तर उकास्न र उनीहरूलाई देशको मुख्यधारामा ल्याउन समावेशी नीति आवश्यक छ।

राजनीतिक संस्कारलाई नयाँ ढाँचामा लैजानु पनि आवश्यक छ। असहमति र विरोध केवल नकारात्मक होइन, बरु सुधार र संवादको माध्यम हुनुपर्छ। नेताहरूले व्यक्तिगत अहंकार र सत्ता संरक्षणको राजनीति परित्याग गरी साझा लक्ष्यमा केन्द्रित हुनु पर्छ।यसरी मात्र राष्ट्रिय हितलाई प्राथमिकता दिइएको लोकतान्त्रिक वातावरण सिर्जना गर्न सकिन्छ।

अन्ततः, नेपालको राजनीति एक चरणगत यात्रा हो–जहाँ विगतका त्रुटिहरूबाट सिकेर भविष्य निर्माण गर्न सकिन्छ। आजको असन्तोष र परिवर्तनको संकेतले जनतालाई मात्र होइन, नेताहरूलाई पनि सचेत गराएको छ। यदि सबै राजनीतिक शक्ति आफ्ना कर्तव्यप्रति उत्तरदायी रहन सक्छन्, पारदर्शिता कायम राख्छन् र जनताको अपेक्षा पूरा गर्ने दिशामा काम गर्छन् भने नेपालले स्थायी लोकतन्त्र र दिगो विकासको मार्ग अवलम्बन गर्न सक्छ।

त्यसैले यो समय आलोचना र दोषारोपणभन्दा बढी, सुधार, उत्तरदायित्व र साझा प्रयासको हो। जनताको आवाजलाई आत्मसात गर्दै अघि बढ्नु नै नेपालका लागि नयाँ राजनीतिक अध्यायको शुरुवात हुनेछ।









लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly

# अर्थतन्त्रमा बज्ला सम्वृद्धिको घण्टी ?

**रिसव गौतम**

निर्वाचनको प्रचार प्रशारको दौरानमा अर्थशास्त्री डा. स्वर्णिम वाग्लेलाई साक्षी राखेर राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले 'डाक्टर साब नयाँ बजेटको खाका कोर्न शुरु गर्नुस्' भनेको कुरा जनजनमा गुन्जियो। त्यसैले त होला तनहुँका मतदाताले वाग्लेलाई यस पटक पनि भारी मतले जिताए। आफ्नै निर्वाचन क्षेत्रका उम्मेदवार अर्थमन्त्री बन्नेछन् भन्ने भएपछि मतदाताले नजिताउन पनि कसरी ?

त्यसैगरी राष्ट्रिय स्वतन्त्र पार्टीले लोकप्रिय युवा एवं काठमाडौं महानगरपालिकाका पूर्वप्रमुख बालेन्द्र शाह (बालेन) लाई भावी प्रधानमन्त्रीको रुपमा उभ्याएपछि सिंगै देश घण्टीमय भयो। अर्थात् नयाँ गर्छौं भन्ने पात्रहरुसँग देशले धेरै आश गर्‍यो। त्यसकारण देशभर घण्टी बज्यो।

बालेन र स्वर्णिम मात्र होइन् देशभर घण्टी बज्नुमा रविले पुराना दलहरुबाट पाएको सास्ती पनि अर्को कारण हो। भए नभएका मुद्दा मामिलाको उल्झनमा अड्काएर भर्खरै जन्मिएको पार्टीलाई अघि बढ्न नदिने पुरानाहरुको अभिष्ट कालान्तारमा असफल पारिनु पर्छ भन्ने आम बुझाइ रह्यो। अर्को, रविसँग अन्याय, अत्याचार, गरिबी, रोग, भोक र पीडाहरु संगालेर निक्षरो जीवन बाँचेकाहरुको ठूलो आशा देखिन्छ। फलत देशभर घण्टी बज्यो। मतदाताहरुले मूलत यिनै र यस्तै पात्र हेरेर मत (भोट) हाले। उसका देश भरका उम्मेदवारले जित निकाल्न सफल भए। उनीहरु प्रश्न गर्ने ठाउँबाट काम गर्ने ठाउँमा पुगेका छन्।

अब जुन हिसाबले निर्वाचनपूर्व राष्ट्रिय स्वतन्त्र पार्टीको अर्थमन्त्री र प्रधानमन्त्री फलानो फलानो हुनेछन् भनेर प्रचार गरियो। त्यही हिसाबमा मन्त्रिमण्डल बनोस् भनेर धेरैले चाहेका छन्। अझ देश विकासको महत्वपूर्ण बागडोर सम्हाल्ने अर्थमन्त्रीमा प्रचार गरिए जस्तै स्वर्णिम वाग्लेको प्रतिक्षा अर्थतन्त्र र शेयर बजारले गरेको छ।

सिंगै देशको बजेट बनाउने जिम्मेवारी रहने अर्थ मन्त्रालयमा यस पटक अर्न्तराष्ट्रिय स्तरमा परिचित अर्थशास्त्री तथा रास्वपा नेता स्वर्णिम वाग्ले पुग्दैछन्। विश्वविख्यात भनिएका युर्निभर्सिटीहरुमा पढेका, विश्व बैंक तथा युएनडिपी जस्ता अन्तर्राष्ट्रिय संस्थाहरुमा सल्लाकारको रुपमा काम गरेका वाग्लेलाई पनि काम देखाउने मौका छ। सायद आफैं अर्थमन्त्री हुने दिनहरुको प्रतिक्षामा विगतका सरकारहरुलाई उनले खासै गम्भीर सल्लाह दिएनन्। आफैंले ठाउँमा पुगेपछि काम गर्नुपर्छ भनेर पनि होला विगतका सरकारहरुलाई आफनो विज्ञताको पोको फुकाएनन्। साह्रै बाठा स्वभावका वाग्ले धेरैजसो अन्तर्राष्ट्रिय अर्थतन्त्र र गतिविधिमा रुचि राख्छन्। उनलाई खुद्रा मसिना विषयमा रुचि नै छैन भन्दा पनि हुन्छ। खासगरी नेपाली मिडियाहरुमा पनि उनले अन्तर्वार्ता बाहेक लेख लेखेनन्। बरु विदेशी मिडियाहरुमा उनको रुचि देखिन्छ र तिनैका सन्दर्भहरु कोट्याएका देखिन्छन्।

जे होस् उनलाई सामाजिक सञ्जालमा पछ्याउँदा विदेशका विभिन्न फोरमहरुमा नेपालको पक्षमा बोलेका छन्। गम्भीर बौद्धिक बहसहरु गरेका छन्। कतिपय देशहरुको अर्थतन्त्र सुधार गर्न गम्भीर सल्लाह, सुझाव र प्रतिवेदन नै उनले लेखिदिएका छन्। उनलाई नेपालले भन्दा बढी विदेशी विद्धानहरुले चिन्दछन्। अर्थतन्त्रका यत्तिको ज्ञाता मान्छे नेपालमा अर्थमन्त्री बन्दैछन्। सायद अब उनले आफनो ज्ञान र विज्ञताको पोको फुकाउनेछन् र सलर्क्क नेपाली अर्थतन्त्रको काँचुली फेरिने हिसाबको बजेट तथा नीति कार्यक्रम ल्याउनेछन्।

अहिलेलाई त्यही आशा गरौं किनकि वाग्लेले दुनियाँको विकास देखेका छन्। त्यहाँ लागू भएका नीति र कार्यक्रम केलाएका छन्। दुनियाँलाई सुझाव दिएका छन्। अब उनले नेपालको विकास र सम्वृद्धिको चित्र कसरी कोर्नेछन् त्यो हेर्दै जाउला। उनलाई रास्वपाले जसरी चुनावअघि अर्थमन्त्रीको पोश्चर बनाएको थियो। अब करिब दुई तिहाई बहुमतसहित सरकारको नेतृत्व गर्ने रास्वपाले उनलाई अर्थमन्त्रीको रुपमा उभ्याउनै पर्छ। धेरै लामो समयदेखि नेपालको अर्थतन्त्र, शेयर बजार आदिले समकालिन विश्व व्यवस्था र आधुनिक विकास बुझेको विज्ञ अर्थमन्त्री खोजेको थियो।

खासगरी नेपाल भूगोलका हिसाबले ४० नम्बरको मध्यमस्तरको देशको हो। ३ करोड जनसंख्या भएको विकाशील देशमा उक्लँदै गरेको राष्ट्र हो। प्राकृतिक सम्पदा र सँस्कृतिले सम्पन्न देश भएकोले यहाँ मूलत ऊर्जा र पर्यटन क्षेत्र सम्वृद्धिका मूल कडी हुन्। हिमाल, पहाड र तराइको अनुपम संयोजन रहेको यस देश प्राकृतिक सुन्दरताले भरिपूर्ण छ। कृषि उत्पादन र जडिबुटीको भण्डार रहेको नेपाल विशाल चीन र भारतको बीचमा अवस्थित छ। त्यसकारण हामीले तरिका जान्ने हो भने हामी हाम्रा बस्तु, सेवाको बजारको दृष्टिकोणले पनि ठूलो बजारको सामिप्यमा छौं।

बाटो, घाटो, बिजुली, खानेपानी, विद्यालय र स्वास्थ्य चौकी जस्ता आधारभूत पूर्वाधारहरुमा समेत देशले निकै प्रगति गरिसकेको अवस्था छ। देशका हरेक सदरमुकाम पीच सडकले जोडिइसकेका छन्। गाउँगाउँ, दूरदराजसम्म पक्की सडकहरु पुगिसकेका छन्। समकालिन नेपालको सबैभन्दा खड्किएको विषय भनेको रोजगारी र उद्यमशीलताको विकास हो।

पर्यटनको यथोचित प्रवर्द्धन गर्नुपर्ने विषय हो। विश्वमा अग्ला हिमालहरुमध्ये सगरमाथा सहित १८ अग्ला हिमाल नेपालमै अवस्थित छन्। हिमाल र हिमाली बसोबास, सँस्कार, सँस्कृति हेर्न नेपाल बाहेक विश्वमा अर्को विकल्प छैन। अग्ला गगनचुम्बी महाभारत पर्वतहरु हेर्न र त्यहाँ पाइने अनेकन प्रजातीका फूल, जनावर हेर्न नेपाल बाहेक अर्को विकल्प छैन। त्यसकारण सुन्दर नेपालको निकै सुन्दर चित्र कोर्ने बेला आएको छ। नेपाललाई मौलिक हिसाबको विकास र सम्वृद्धिको उचाइ भर्ने बेला आएको छ। त्यसको चालकको सिटमा स्वर्णिम वाग्लेलाई अर्थमन्त्रीको रुपमा देशले हेर्न चाहेको छ। हाम्रो देशलाई कृत्रिम रुपमा विकसित भनिएका देशहरु जस्तो होइन् रोजगारी र उद्यमले सम्पन्न मौलिक विकासले हराभरा बनाउन जरुरी छ।

हामीले आइफल टावर अथवा ब्रुर्ज खलिफा होइन् साँस्कृतिक रुपले सम्पन्न बस्तीहरु बनाउनु छ किनकि आइफल टावरहरु हाम्रा सगरमाथाका फेदी बराबर पनि होइनन्। ती कुनै पनि कारण ढल्न सक्छन् तर हाम्रो प्रकृतिका



देन सगरमाथाहरु कहिल्यै ढल्ने छैनन्।

अब बन्ने सरकारले खासगरी शिक्षा, स्वास्थ्य र रोजगारी अनि ग्रामीण क्षेत्रका आवश्यक पूर्वाधार निर्माणमा जोड दिनुपर्छ। त्यसका अलावा २६ वटा जो राष्ट्रिय गौरवका निर्माणाधीन आयोजना छन् ती समयमै सक्नेगरी लाग्नु पर्छ। लगानीका प्लेट फर्महरु शेयर बजार, कम्पनी दर्ता तथा सञ्चालनका सरकारी झन्झट, कर्मचारीहरुको ढिलासुस्ती तथा जनताका स-सना कामहरुमा हुने झन्झटिला प्रावधान शिघ्र रुपमा हटाउनु पर्छ।

निजी क्षेत्र तथा विदेशी लगानीका लागि प्रोत्साहनकारी नीति लिइनु पर्छ। नीतिगत रुपमा अत्यन्त सुन्दर व्यावसायिक वातावरण बनाइनु पर्छ। त्यसैगरी सरकारले २१ प्रतिशत जो गरिबी छ, त्यसलाई ५ बर्षमै शून्यमा झार्ने लक्ष्यसहित काम गर्नुपर्छ। प्रगतिशील करमार्फत धनी र गरिबको खाडल हटाउने र नेपाली अर्थतन्त्रलाई विश्व अर्थतन्त्रसँग जोड्ने गरी काम गर्नुपर्छ।

भावी अर्थमन्त्रीले आफ्नो विगतका पहुँच, अनुभवका आधारमा विदेशी लगानी भित्र्याउन जोड दिनुपर्छ। ५ बर्ष स्थिर सरकार र व्यवसायमैत्री वातावरण खडा गर्ने हो भने पक्कै पनि देशमा सम्वृद्धिका बहार भित्रने छन्। त्यसका लागि अर्थमन्त्रीमा रास्वपाका उपसभापति तथा वरिष्ठ अर्थशास्त्री डा. स्वर्णिम वाग्लेलाई धेरैले हेर्न चाहेका छन्। विश्व अर्थतन्त्र बुझेका उनले अर्थतन्त्रबारे ठूल्ठूला प्रवचन दिए अनुसार कत्तिको काम गर्न सक्छन्। नेपाली अर्थतन्त्र कत्तिको बुझेका छन् जनताले अब हेर्नेछन्।

*(गौतम आर्थिक लेखक तथा विश्लेषक हुन्)*

# Billy Martin and an Angry Spirit

**P. Pilgrim**

Billy Martin was an American Major League Baseball (MLB) second baseman and manager, who, in addition to leading other teams, was five times the manager of the New York Yankees. He was known for his skill as a manager but also his short temper which got him fired and then rehired on many occasions. Billy had a good relationship with Mickey Mantle a fellow player with the Texas Rangers the team Billy managed at the time. The two of them loved to tell this story, Billy had received a brand new rifle as a gift from the team. So of course Billy wanted to go hunting.

"I know a guy who owns a ranch," Mickey said. "He's a doctor and good friend of mine, and I'm pretty sure he'll let us go deer hunting on his ranch. You're going to have to get up early though, around four o'clock in the morning, because it'll



take a few hours to get there." "I don't care. I really want to go deer hunting with my new rifle," said Billy. So Mickey and Billy drove all the way down to the ranch. "Now you wait in the car," said Mickey. "I'll go up and knock on the door, and I'll ask the doctor if it's all right for us to go hunting." Billy stayed in the car while Mickey knocked on the door. The doctor answered and said, "Hey Mick, what are you doing down here?" "I've got Billy Martin, the manager of the Rangers out here with me. He's waiting in the car and we're wondering if we could go deer hunting on your ranch." "Sure anytime," the doctor replied. "But you've got to leave the car there, and go through the barnyard to get to where you need to go hunting."

Mickey smiled, turned and walked away. "Hey! By the way… Can you do me a favour?" shouted the doctor. "When you go through the barnyard you'll see an old mule… standing over by the barn… can you shoot that mule for me?" Mickey paused and shook his head. "Oh man, we don't want to shoot your mule. We came down here to hunt deer." "Well you'd be doing me a big favour," said the doctor. "Because I just don't have the heart to do it… I've had him a long time. He's about twenty-years-old. He hasn't done any work in about ten years. I'm going to have to have him put down anyway. If you shoot him for me, you'll really be doing me a big favour." Mickey nodded. "Ok. I'll shoot your mule."

As Mickey headed back to the car, he decided to play a joke on Billy. He ran to the car, yanked the door open. "Give me my rifle!" he said with a ticked-off tone. "What's the matter?" asked Billy. "We drove four hours to get down here to go deer hunting and this guy says we can't go hunting." Mickey's voice grew angry and serious. "I'm going to shoot his mule." Mickey took out his rifle and loaded it. Billy tugged on Mickey's rifle. "Oh my, you can't do that. We'll get in trouble. There'll be jail." "Give me the rifle." Mickey pulled his rifle away from Billy. He ran to the barn. Billy followed him. "Bang!" Mickey shot the mule in the side of the neck and it dropped to the ground with a thud. Bam! Bam! Bam! Mickey spun and spotted Billy with his gun. "Billy, what are you doing?" Billy yelled back, face red with anger, "We'll show that son of a gun! I got three of his cows!"

Whether the tale is true or false the moral of the story isn't. Anger can be dangerously contagious. As Proverbs puts it, in chapter 22:24, 25 'Make no friendship with an angry man; and with a furious man thou shalt not go: Lest thou learn his ways, and get a snare to thy soul'.



FOREVER YOUNG
Rising Mall, Ground Floor, Shop No. G-9
Durbar Marg, Kathmandu
9845473779
www.foreveryoung.com.np
www.facebook.com/4everyoungstore
foreveryoung.store

सुन चाँदीका गहनाका लागि
हामीलाई सम्झिनु होस्
विवाह, पास्नी लगायतका कुनै पनि खाले मांगलिक कार्यका लागि चाहिने गरगहनाका लागि हामीलाई सम्झिनु होस्।

तपाईहरुको सेवामा हामी तयार छौं, काठमाडौंको मुटु मैतीदेवी चोक, काठमाडौंमा।
सुन, चाँदी तथा हिराका तयारी गहनाहरुका अतिरिक्त तपाइँहरुको चाहना, डिजाइन अनुसारका गहना बनाउनका लागि हामी सेवामा हाजिर छौं।

न्यु बुद्ध गहना गृह
मैतीदेवीचोक (श्रेष्ठ टेलरिङसँग), काठमाडौं
फोन नं.०१४५३४७५५, ९८१३६५२९१८

लोकतन्त्रप्रति पूर्ण समर्पित

साप्ताहिक

नयाँ विमर्श

Naya Bimarsha Weekly

## 'गैह्र सांसद ...

निर्वाचनमा सोही क्षेत्रमा नेकपा (एमाले) बाट उम्मेदवार बन्नु भएका ओलीले भारी मतान्तरले विजयको माला पहिरिनु भएको थियो ।

त्यसैले पनि उक्त क्षेत्रलाई ओलीको क्षेत्र भनी चिनिने गरिएको थियो । यस पटक पनि ओली उम्मेदवार बन्नु भएको थियो । एमालेले त उहाँलाई नै प्रधानमन्त्रीको उम्मेदवार पनि घोषित गरेको थियो । ओली स्वयम् पनि आफू निर्वाचित हुनेमा सत प्रतिशत विश्वस्त हुनु हुन्थ्यो । यसैगरी आफ्नो निर्वाचन क्षेत्रमा पुग्नु भएका बालेनको उम्मेदवारीलाई लिएर ओलीले विभिन्न किसिमका खिसिट्युरी पनि गर्नु भएको थियो ।

हालको प्रविधि तथा निर्वाचनमा नयाँ प्रयोग गर्दै बालेन सोही क्षेत्रका मतदाता समक्ष पुग्नु भयो । बालेनको उम्मेदवारीसँगै झापा क्षेत्र नं.५ मा मतदाताहरु उहाँको पक्षमा खुल्न थालेका थिए । बालेनको उम्मेदवारीले ओलीलाई आफ्नो निर्वाचन क्षेत्रमा सीमित गरिदियो । ओलीलाई क्षेत्रमा सीमित गरी बालेन भने देश दौडाहामा प्रचारमा निस्कनु भयो ।

बालेनप्रति नेपालीजनको आकर्षण बढ्न पुग्यो । जुन ठाउँमा बालेन पुगे पनि मानिसको भीड हुने गर्थ्यो । बालेनको भाषणभन्दा पनि उपस्थिति नै मतदाताका लागि काफी थियो । सोही कारण देशैभरी जनताले रास्वपाको पक्षमा मतदान गरी करिब दुई तिहाइको अवस्थामा पुऱ्याई दिएका छन् ।

यस्तो शक्तिशाली अवस्थामा पुगेको रास्वपाको एकलौटी सरकार बन्ने निश्चितप्रायः देखिएको छ । संविधानको धारा ७६(१) अनुसार बन्ने प्रधानमन्त्रीले सोही धाराको उपधारा (९) बमोजिम मन्त्रिपरिषद गठन गर्ने व्यवस्था छ । उक्त व्यवस्था अनुसार 'राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा संघीय संसदका सदस्यमध्येबाट समावेशी सिद्धान्त बमोजिम प्रधानमन्त्री सहित बढीमा पच्चीस जना मन्त्री रहेको मन्त्रिपरिषद गठन गर्नेछ' भनिएको छ ।

यस्तो अवस्थामा बालेन प्रधानमन्त्री बनेपछि रास्वपाको विधान तथा घोषणापत्रलाई हेर्ने हो भने सांसदलाई कानून निर्माताको रुपमा मात्र राख्ने व्यवस्था गर्न चाहेको देखिन्छ । यो राम्रो कुरा हो किनकि सांसदहरु कानून निर्माता मात्र बन्ने मन्त्री नबन्ने व्यवस्था हुने हो भने निर्वाचन धेरै नै राम्रो हुने गर्दछ । अहिलेको विद्यमान व्यवस्था अनुसार सांसदहरुलाई नै मन्त्री बनाउँदा सांसद बन्नकै लागि साम, दाम, दण्ड र भेदको नीति लिने कार्य हुँदै आएको छ । यसैगरी भोलि मन्त्री बन्ने भन्दै निर्वाचनलाई अमर्यादित बनाउने, पैसाको बलमा जित्ने, अहिले लगानी गरेर पछि मन्त्री बनेर उठाउने जस्ता सोच तथा कार्य हुने गरेका छन् । त्यसैले गैह्र सांसदहरुलाई मन्त्री बनाउने व्यवस्था संवैधानिक रुपमा गरियो भने त्यो राम्रो हुन्छ ।

हालको संविधानको व्यवस्थाले संघीय सांसद नै मन्त्री बन्ने संभावनालाई बढी मात्रामा देखाएको छ । यही संविधानको धारा ७८ भने 'संघीय संसदको सदस्य नभएको व्यक्ति मन्त्री हुने' भन्ने व्यवस्था भने छ । उक्त धारा ७६(१) मा भनिएको छ, 'धारा ७६ को उपधारा (९) मा जुनसुकै कुरा लेखिएको भएतापनि राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा संघीय संसदको सदस्य नभएको कुनै व्यक्तिलाई मन्त्री पदमा नियुक्त गर्न सक्नेछ' ।

यसरी नियुक्त मन्त्रीले शपथग्रहण गरेको मितिले छ महिनाभित्र संघीय संसदको सदस्यता प्राप्त गर्नु पर्ने हुन्छ । उक्त अवधिभित्र ऊ संघीय संसदको सदस्य बनी नआएमा त्यस्तो व्यक्ति पदमुक्त हुने व्यवस्था छ । यसैगरी त्यस्तो व्यक्ति उक्त प्रतिनिधिसभाको कार्यकालभर मन्त्रीमा पुनः नियुक्तिका लागि योग्य हुने छैन । यसैगरी हालै भएको प्रतिनिधिसभाको निर्वाचनमा पराजित भएको व्यक्ति पनि यो प्रतिनिधिसभा रहेसम्मका लागि मन्त्री बन्न अयोग्य नै मानिन्छ ।

यसरी हेर्ने हो भने कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकालाई भिन्नाभिन्नै शक्तिको रुपमा राखिनुपर्छ । राज्यका यी तीन निकायको शक्तिलाई पृथक तर सन्तुलित रुपमा राखिनुपर्छ भन्ने सिद्धान्त विश्व प्रसिद्ध मन्टेस्क्युले राख्नु भएको थियो । उहाँको सिद्धान्तले शक्ति पृथकीकरण तथा सन्तुलनको सिद्धान्त भनी विश्वभरी प्रशिद्धी कमाएको छ ।

उहाँले कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकालाई पृथक तथा सन्तुलित रुपमा राखी राज्य संचालन गर्न सकियो भने त्यो सफल हुने भनी आफ्नो सिद्धान्तमा राख्नु भएको छ । यही सिद्धान्तलाई शक्ति पृथकीकरणको सिद्धान्त भनिन्छ । यसको मूल मर्म भनेकै शक्तिको पृथकीकरण तथा राज्यका अंगहरु एक अर्काप्रति सन्तुलित रहनु हो ।

यो सिद्धान्त अनुसार कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकालाई एकअर्काबाट पृथक तथा सन्तुलित रुपमा राखी राज्य संचालन गर्नु देशका लागि उचित हुन्छ भन्ने हो । यो सिद्धान्त अनुसार कुनै एकमा भएको व्यक्ति अर्कोमा नहुनु राम्रो मानिन्छ । जस्तो कि संसदमा भएको व्यक्ति सरकारमा नहुनु । यसैगरी संसद वा सरकारमा भएको व्यक्ति न्यायपालिकामा नहुनु भन्ने हो । यसका लागि प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीको व्यवस्था गरिएमा सबै कुरा पूर्ण रुपमा मिल्ने देखिन्छ । यस्तो हुन नसके कमसे कम प्रधानमन्त्री मात्र सांसदबाट बनाई त्यसबाहेकका मन्त्रीहरु भने गैह्र सांसदलाई बनाउने व्यवस्था गर्न सकिन्छ ।

यसका लागि संविधानमा भएको धारा संशोधन गर्नुपर्ने हुन्छ । यो बलियो सरकारले आफ्नो कार्यकालमा संविधानमा पनि संशोधन गर्न सक्ने अवस्था देखिन्छ । त्यसो गर्न सकिएको खण्डमा अबका निर्वाचनबाट आउने जनप्रतिनिधिहरु सांसदमा सीमित हुने अवस्था रहन्छ । उनीहरुले देशका लागि आवश्यक कानून, नीति, नियम आदि बनाउने छन् । त्यसलाई पालना गराउने गरी सरकार बन्ने छ । उनीहरुको काम कारबाही सही भए नभएको भनी खबरदारी गर्ने कार्य न्यायपालिकाले गर्ने नै हुन्छ ।

त्यस बाहेक संचार क्षेत्रलाई राज्यको चौथो अंगको रुपमा मान्ने प्रचलन छ । त्यस्तो अवस्थामा संचार जगतले पनि ती तीनै निकायलाई खबरदारी गरी नै रहने हुन्छ ।

यसरी हेर्दा बालेनको नेतृत्वमा बन्ने सरकारमा सबै मन्त्रीहरु गैह्र सांसद बन्ने संभावना अलि कम रहे पनि यही संविधानलाई टेकेर पनि गैह्र सांसदहरुलाई मन्त्री बनाउन सकिन्छ । धारा ७६ (९) लाई टेकेर धेरैजसो विज्ञ व्यक्तिहरुलाई मन्त्री बनाएर राम्रो कामको थालनी गर्न सकिन्छ । यसरी बनेका विज्ञ व्यक्तिहरु ६ महिनाका लागि मात्र मन्त्री बने पनि आफ्नै कार्यकालमा केही राम्रो परिणाम दिन सक्छन् । उनीहरुले आफ्नो कार्यकालमा राम्रो प्रणाली बनाई दिएका खण्डमा अर्को ६ महिनाका लागि अर्को विज्ञलाई सोही मन्त्रालयमा जिम्मेदारी दिन सकिन्छ ।

केही गरी प्रणालीमा सुधार गर्न सकिएको खण्डमा त्यसपछि जो कोही आए पनि काम गर्न सहज हुने देखिन्छ । त्यसैले पहिलेका दलहरुले गर्दै आएको प्रचलनभन्दा बाहिर गएर बालेन सरकारले गैह्र सांसदहरुलाई मन्त्री बनाउने कार्य गरेमा राम्रै हुने देखिन्छ ।

## बालेनले ...

हडपेका छन् । कहिले सन्धिको नाममा त कहिले सीमानाकाको बहानामा । सन्धिको नाममा दार्जिलिङ, सिक्किम, तिब्बत, बाघघाम, हाजीपुर, गोरखपुर, टिष्टा-काँगडा, पटना र मुगेर गंगा नदीसम्मको नेपाली भूभाग लगियो ।

अहिले कालापानी, लिम्पियाधुरा, लिपुलेकजस्ता हाम्रो भूमि पनि सीमानाकाको बहानामा कब्जा गर्ने क्रम जारी छ । बालेनले प्रधानमन्त्री भएपछि हाम्रो भूभागमाथिको कब्जा हटाउलान् ? हड्पिएका भूभाग फिर्ता ल्याउँलान् ? आम सर्वसाधारणमा चासोको विषय बनेको छ । अर्को कुरा, प्रमुख हुँदा बालेनले महानगरभित्र व्यक्ति तथा संघसंस्थाले कब्जा गरेका हजारौं रोपनी सार्वजनिक जग्गा फिर्ता ल्याएको दाबी गरेका थिए ।

काठमाडौंमात्र होइन, देशभर लाखौं रोपनी सरकारी, गुठी, ऐलानी, हदबन्दी बढी, वनजंगल, पाटीपौवा, मठमन्दिर, तालतलैया, पोखरी, कुँवा, राजकुलो, टुकुचा, राजपरिवारलगायतको जग्गा व्यक्तितथा निजी संघसंस्थाको नाममा गएका छन् । ती जग्गाको मूल्य आनाकै २५ लाखदेखि करोडौं छ । पूर्वी नवलपरासीको गैंडाकोटमा गोल्छा अर्गनाइजेशनले २०४९ कात्तिक ५ गते ७८० रोपनी सरकारी जग्गा १७ करोड रुपियाँमा खरिद सम्झौता गरेको थियो ।

त्यतिबेला अर्थमन्त्री महेश आचार्य र हितेश गोल्छाले उक्त सम्झौता गरे । सम्झौताको साढे तीन दशक हुँदासमेत गोल्छा अर्गनाइजेशनले ६ करोडमात्र दिएको छ । १२ करोड ७ लाख ४८ हजार रकम अर्गनाइजेशनले अझै सरकारलाई तिरेको छैन भने त्यो जग्गा धितो राखेर विभिन्न बैंकबाट अर्बौ ऋण लिएका छन् । यो त एउटा उदाहरणमात्रै हो । देशभरिका सरकारी सम्पत्ति सरकारमै बसेकासहित कर्मचारी, भूमाफिया, दलाललगायतको मिलेमतोमा यसरी नै व्यक्ति तथा संघसंस्थाका नाममा लगिएको छ ।

सरकारी जग्गा कौडीको भाउमा बेच्नुका साथै भाडामा दिएको र व्यक्तिका नाममा पासै गरिदिएकोसमेत भेटिन्छ । त्यसैले, प्रमुख रहँदा सार्वजनिक सम्पत्तिको संरक्षणमा प्रतिवद्ध देखिएका बालेनले प्रधानमन्त्री बनेपछि देशभर कब्जा गरिएका यस्ता सरकारी सम्पत्ति फिर्ता ल्याउँलान् त ? जनता पखाईमा छन् ।

२०४८ सालमा प्रधानमन्त्री रहँदा गिरिजाप्रसाद कोइरालाले नक्सालस्थित बालमन्दिरको सयौं रोपनी सरकारी जग्गा व्यक्तिका नाममा पास गरिदिनुका साथै एकदमै सस्तो भाडामा लिजमा दिने निर्णय गरेको कुरा आएकै हो ।यतिमात्र होइन, उनले राजनीतिक दल, तिनका भ्रातृ संगठन, निजी संघसंस्था, एनजिओ सञ्चालन गर्न पनि सरकारी जग्गा दिए ।

२०५१ सालमा मनमोहन अधिकारी प्रधानमन्त्री भए । उनले झापाको गिरिबन्धु टि स्टेटको हजारौं रोपनी सरकारी जग्गा व्यक्तिका नाममा पास गरिदिने निर्णय गरे । २०६० सालका तात्कालिन प्रधानमन्त्री सूर्यबहादुर थापा र खड्गप्रसाद शर्मा ओली नेतृत्वको २०७८ बैशाख ७ र १३ गतेको मन्त्रिपरिषदको बैठकले पनिसोही निर्णयलाई निरन्तरता दियो ।

२०६६ सालमा माधवकुमार नेपाल प्रधानमन्त्री बने । काभ्रेपलाञ्चोकको साँगास्थित आठ सय १७ रोपनी, धुलिखेलको ८८ रोपनी, चाबहिल कालोपुलको १४ रोपनीसहित देशभरका विभिन्न स्थानका हजारौं रोपनी सरकारी जग्गा व्यक्ति तथा निजी संस्थालाई दिने निर्णय गरेका थिए । बालुवाटारस्थित ललिता निवासको सयौं रोपनी सरकारी जग्गा पनि व्यक्तिलाई दिने निर्णय उनैको थियो ।

यसैगरी झलनाथ खनाल प्रधानमन्त्री र सञ्चारमन्त्री रहँदा सयौं रोपनी सरकारी जग्गा गुम्बा बनाउने नाममा व्यक्तिलाई दिए । सर्प पाल्ने नाममा राज्यको ५० करोड झ्वाम पारेको भन्ने आरोप उनले खेप्दै आउनु परेको छ ।

यस्तै, बाबुराम भट्टराई प्रधानमन्त्री हुँदा ललिता निवाससहित थानकोट मातातीर्थको हजारौं रोपनी सरकारी जग्गा व्यक्तिका नाममा पास गरिदिए । २०४७ सालमा अन्तरिम सरकारको प्रधानमन्त्री बने, कृष्णप्रसाद भट्टराई । उनले शुरुमा ललिता निवासको जग्गा व्यक्तिलाई दिने निर्णय गरेका भन्ने कुरा पनि विवादमा परेको छ । सँगै बौद्ध चुचेपार्टीस्थित हाल हायत होटल सञ्चालित सरकारी जग्गा व्यक्तिलाई दिने निर्णय गरेको कुरालाई पनि त्रुटीपूर्ण कार्य भनी त्यो पनि विवादित अवस्थामा रहेको छ ।

सिंहदरबारपछाडि कालिकास्थान बाँसबारी, पुतलीसडक, कालिकास्थान, घट्टेकुलो, अनामनगर, हनुमानथान, बिजुलीबजार, रातो भाले, सिडिओ कार्यालय र माइतीघर छेउछाउ र रामशाहपथस्थित अन्नपूर्ण हस्पिटल सञ्चालित सरकारी जग्गा व्यक्तिको स्वामित्वमा गयो ।

सँगै धोवीखोला, मैत्रीदेवीमा सञ्चालित पेट्रोल पम्प र आसपास संरचना, गौशालास्थित भण्डारखाल, सिफलचौरमुनि कालोपुल र रातोपुलको बीचमा, माइती नेपालको कार्यालय रहेको संगम र विजय चोकको दायाँबायाँ, पिंगलथानलगायतको सरकारी जग्गा पनि व्यक्तिका नाममा गयो । २०२९ सालसम्म धोवीखोला बगेर घट्टेकुलो वा सिंहदरबार चोकसम्म आइपुग्थ्यो भन्नेहरु अझै भेटिन्छन् ।

यता, भक्तपुरमा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुच्छे, पूर्वसांसद प्रेम सुवाल र भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसहितको मिलीभगत्मा सबै सरकारी जग्गा आफ्ना कार्यकर्ताको नाममा पास गराइएको आरोप छ । भक्तपुरका दुवै क्षेत्रमा सरकारी, गुठी, ऐलानी, हदबन्दी बढी, वनजंगल, मठमन्दिर, इनार, पाटीपौवा, आर्यघाट, तालपोखरी, कुँवा, राजपरिवारलगायतको जग्गा यिनीहरुकै मिलेमतोमा व्यक्तिका नाममा लगिएको पाइन्छ ।

भक्तपुर नगरपालिका वडा नम्बर १, सल्लाघारी आर्मी ब्यारेक दायाँबायाँ, नगरकोट र खरिपाटी जाने बाटो आसपास संरचना बनेका, दुवाकोट जाने ट्याम्पोपार्क, सिर्जनानगर, चंगा गणेशथान, राधेराधेमा भाटभटेनी सञ्चालितसहित अलपत्र पन्ध्र तले भवन, ड्राइभिङ सेन्टर, राजेश हार्डवेयरलगायत चलिरहेका जग्गा पनि सरकारी, गुठी, ऐलानी र आर्यघाटको भएको स्थानीयको दाबी छ ।

सल्लाघारी तीनकुनेमा एक सय आठ रोपनी दुई आना एक दाम जग्गा २०२४ सालमा राजा महेन्द्रले प्रतिरोपनी एक हजारमा स्थानीयसँग किनेका थिए । यो जग्गा पनि नेमकिपाका कार्यकर्ताले कब्जा गरिसकेका छन् । अहिले बढीमा ६०-६५ रोपनी जग्गा बाँकी छ । तीनकुने चौरनजिकै यातायात कार्यालय छ, त्यसैअगाडि ठूलो घर छ । यहाँ किराना पसलदेखि चिया, फलफूल, ब्यूटीपार्लरसम्म सञ्चालन भएका छन् ।

बिकुलाल खिउँजुको रहेको सो घर तीन वटा ढुंगेधारा मासेर बनाइएको आरोप छ । यी त केहीमात्र उदाहरण मात्र हुन् । सरकारले २०२१, २०२८ र २०३२ सालमा देशभर जग्गा नापी गरेको थियो । त्यसक्रममा छुटेको भन्दै पछि धेरैले सरकारी जग्गा आफ्नो नाममा दर्ता गरे । त्यसेले, अब बन्ने सरकारले २०३२ सालपछि दर्ता भएका सबै जग्गाको दर्ता खारेज हुनुपर्छ । सुकुम्बासीका नाममा हुकुम्बासीलाई बाँडिएका जग्गा पनि फिर्ता ल्याउनुपर्छ ।

## शहरी ...

र सचिवका लागि दुहुनो गाई बनेको संसद भवन शुरुमा ५ अर्ब ६७ करोड २७ लाख रुपियाँ लाग्ने अनुमान गरेर ठेक्का दिइए पनि अहिलेसम्म पाँचपटक म्याद थपेर लागत खर्च ८ अर्ब ६४ करोड पुऱ्याइएको छ । अझै माइक सिष्टम र भवन साजसजावतका लागि छुट्टै रकम खर्च गरिएको श्रोतले बताएको छ ।

हाल शहरी विकास मन्त्रालयमा आरजु राणाका भक्त गोपाल सिग्देल सचिव र कमिशनको खेती गर्न माहिर रविन्द्र बोहरा शहरी तथा भवन विभागको महानिर्देशक छन् । सिग्देल सडक विभागको महानिर्देशक, भौतिक सचिव, सिँचाई सचिव हुँदै शहरी विकास मन्त्रालय आइपुगेका हुन् । यसैगरी बोहरा एकीकृत बागमती विकास आयोजनामा डकारेर विभागको नेतृत्व हात पार्न सफल भएका बताइएको छ ।

बोहराले उज्यालो नेपाल पार्टीबाट चुनाव लडी काठमाडौं-३ मा पराजय भएका तात्कालिन शहरी विकास मन्त्री कुलमान घिसिङ्गलाई प्रभावमा पारेर महानिर्देशक बनेको श्रोतले बताएको छ । यता, गत भदौ २४ गते भएको जेन-जी आन्दोलनका क्रममा आगजनीमा पूर्ण रुपमा ध्वस्त भएको भैंसेपाटीस्थित मन्त्री निवास परिसर ६ महिना वितिसक्दा पनि शुरु भएको छैन । अहिले आएर बल्ल टेण्डर प्रकृया शुरु गरिएको मन्त्री निवास ठेक्का सम्झौता, निर्माण कार्य र भवन हस्तान्तरण हुन लामो समय हुँदा बालेन सरकारका मन्त्रीहरु कहाँ बस्लान् भन्ने चर्चा शुरु भएको छ ।आगामी चैत्रको दोश्रो साता नयाँ मन्त्रिमण्डल बन्ने बताइएको छ ।

## सडक ...

कुलमान घिसिङ्गले रुग्ण ठेक्का तोड्ने अभियाननै चलाउनु भएको थियो । घिसिङ्ग उज्यालो नेपाल पार्टीबाट चुनाव लड्ने निर्णय गरी राजीनामा दिएपछि ठेक्का तोड्ने अभियान सुस्ताउन पुगेको र चुनावले गर्दा अघि नबढेको अवस्था थियो । घिसिङ्गले राजीनामा दिएपछि भौतिक मन्त्रालयको जिम्मेवारी सम्हालेका मन्त्रीले सडक निर्माणतिर खासै चासो नराखेको समाचार श्रोतले बताएको छ ।

त्यसमाथि आगामी चैतको दोश्रो साता अनिवार्य अवकाशमा जान लागेका भौतिक सचिव केशवकुमार शर्माले पनि कसैलाई चिढ्याउन र विवादमा पर्न नखोजेपछि विभागले नै चासो देखाएको जानकारहरुले बताएका छन् । हाल सडक विभागअन्तर्गत देशभर विभिन्न सडक डिभिजन र आयोजना कार्यालयहरु मार्फत दुईसय २९ वटा रुग्ण ठेक्का तोड्ने प्रकृया अघि बढेको विभाग श्रोतले जानकारी दिएको छ ।

अहिले विभागमा कार्यक्षमता र इच्छाशक्ति भएका महानिर्देशक डा. विजय जैशी बाहेक अरु कसैले चित्तबुझ्दो काम र प्रगति देखाउन नसक्ने चर्चा निर्माण व्यवसायीहरुले गरेका छन् । विभागमा हाल कायम सुईहरु प्रायः सबै 'राजाको काम, कहिले जाला घाम' भन्ने अवस्थाका र जवाफदेहिताको कमी भएकाहरुमात्र रहेको बताइएको छ । ठेक्कालाई रुग्ण र लथालिङ्ग बनाउनेहरुप्रति महानिर्देशक मूकदर्शक नबनी 'एक्सन' मा उत्रेको चर्चा चलेको छ ।

## अर्थमन्त्री ...

अर्थमन्त्रीको जिम्मेवारी सम्हालेको ६ महिनामा मन्त्रालयमा कुनै हस्तक्षेप र विवादमा नपरी अर्थमन्त्री खनालले दातृ निकयाहरुलाई सन्तुलनमा राखी काम गरेको समाचार श्रोतले बताएको छ । यसभन्दा अगाडिका अर्थमन्त्रीहरुले जिम्मेवारी सम्हाल्ने वित्तिकै कर्मचारीहरुलाई सरुवा गर्ने र आफ्नालाई महत्व दिने गर्दथे । खनालले यस्ता कामबाट प्रभावित भएर प्रधानमन्त्री सुशीला कार्कीले अर्थमन्त्री खनाललाई राष्ट्रियसभामा राष्ट्रपतिबाट मनोनित गर्ने एक एक स्थानमा मनोनित गर्ने राजनीतिक वृत्तमा व्यापक चर्चा चलेको छ ।

हाल राष्ट्रियसभामा नेपाली काँग्रेसका २५ मध्ये बलदेव बोहराको निधन भएकाले २४ सिट, नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का १७, नेकपा (एमाले) का १०, जनता समाजवादी पार्टी नेपालका २, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)को १ र राष्ट्रिय जनमोर्चा (राजमो) को १ गरी कूल ५६ जना सांसद कायम रहेका छन् ।

यसअगाडि २ जना राष्ट्रपतिबाट मनोनित भैसकेकाले अब मनोनित हुने एकजना र उपनिर्वाचनबाट १ गरी कूल २ जना बाँकी रहेको संसद श्रोतले जानकारी दिएको छ । राष्ट्रपतिबाट मनोनित हुने कोटामा अर्थमन्त्री खनाल र उपनिर्वाचनबाट आउने कोटा पूरा भएपछि राष्ट्रियसभामा कूल ५९ जना सांसद हुनेछन् । राष्ट्रिय सभामा राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपाको प्रतिनिधित्व भने स्थानीय निकायको निर्वाचन नहुँदासम्म नहुने बताइएको छ ।

## चैतको ...

बार्गेनिङ सुन्न नयाँ सांसदहरुले नपाउने भएका छन् । यसैगरी कांग्रेसका सभापतिको ओजपूर्ण तथा तथ्यपरक प्रस्तुति पनि यो संसदमा नगुञ्जने बताइएको छ ।

मधेशवादी दलहरु जनमत, जनता समाजवादी, लोकतान्त्रिक समाजवादी पार्टी र थारुको नाम भजाएर सत्तामा रमाइरहेको नागरिक उन्मुक्ति पार्टी लगायत खुद्रे पार्टीहरुको सटर बन्द भएको छ । कोशी प्रदेशमा भने श्रम संस्कृति पार्टीको उदय भएको छ । निर्वाचन आयोगले प्रत्यक्ष र समानुपातिकतर्फको सिट संख्या सार्वजनिक गरिसकेको छ । जसअनुसार प्रत्यक्षमा रास्वपाले १२५, काँग्रेसले १८, एमाले ९, नेकपा ७, श्रम संस्कृति ३ र राप्रपाले १ सिटमा विजय प्राप्त गरेका छन् ।

त्यसैगरी समानुपातिकतर्फ रास्वपाले झण्डै ४८ प्रतिशत, काँग्रेसले करिब १७ प्रतिशत, एमालेले १३ प्रतिशत, नेकपाले ७, श्रमसंस्कृति पार्टीले करिब ४ प्रतिशत र राप्रपाले ३ प्रतिशत मत प्राप्त गरेका छन् । यस हिसाबले रास्वपाले करिब दुई तिहाई सिट प्राप्त गरेको छ । अब निर्वाचन आयोगले दलहरुले प्राप्त गरेको मतका आधारमा दलहरुले निर्वाचन आयोगमा बुझाएको बन्दसूचीबाट विभिन्न लिङ्ग, वर्ग र जातीय हिसाबले प्रतिनिधित्व हुने गरी बुझाएको सूची समेत गरी दलित, मधेशी, जनजाति खसआर्य लगायतका विभिन्न समूहबाट प्रतिनिधित्व भएको छ कि छैन भनी हेरेर क्लष्टर अनुसारको प्रमाणपत्र चुनिएका सांसदहरुलाई दिएपछि सिटसंख्या राष्ट्रपति समक्ष पेश गर्नेछ । राष्ट्रपतिले चैतको पहिलो साता बहुमत सिट जित्ने पार्टीको संसदीय दलको नेतालाई संविधानको धारा ७६ (१) अनुसार प्रतिनिधिसभामा प्रधानमन्त्री हुँदा नियुक्त गर्ने संवैधानिक व्यवस्था छ ।

यी सबै प्रकृया पूरा हुँदा चैतको दोश्रो साताभित्र रास्वपाका वरिष्ठ नेता बालेन्द्र (बालेन) शाह नेपालको प्रधानमन्त्री बन्नेछन् । त्यसपछि मुलुक नयाँ हिसाबले अगाडि बढ्ने छ ।

## प्रधानन्यायाधीशमा...

सुवेदी र तिलप्रसाद श्रेष्ठ रहनु भएको हो । न्याय परिषदका प्रवक्ता रामप्रसाद भट्टराईका अनुसार प्रधानन्यायाधीश हुन सर्वोच्च अदालतमा तीन वर्ष न्यायाधीश भएर काम गरेको हुनुपर्ने संवैधानिक व्यवस्था अनुरुप उहाँहरुको नाम सिफारिस भएको हो । त्यसैले तीन वर्ष न्यायाधीश भएका व्यक्तिको रोष्टर बनाएर नाम सिफारिस भएको बताइएको छ ।

प्रधानन्यायाधीशको पद रिक्त भएको एक महिना अगावै परिषदले नियुक्तिका लागि सिफारिस गर्नुपर्ने व्यवस्था छ।

## सरकार ...

अवस्थामा बालेनको तर्फबाट राजुनाथ पाण्डे, के.पी. खनाल र डा. अमरेश कुमार सिंहलाई मन्त्री बनाइने स्रोतले बतायो । यसैगरी लामिछानेले भने उपप्रधानमन्त्रीमा उपाध्यक्षद्वयडोरप्रसाद (डि.पि.) अर्याल र वाग्लेलाई उपप्रधानमन्त्री बनाउन चाहिरहेको बताइएको छ । एउटै दलको सरकार बनेको अवस्थामा दुई जनालाई उपप्रधानमन्त्री बनाउने भन्ने पक्षमा बालेन भने असहमत रहेको पनि स्रोतले बताएको छ ।

लामिछानेले भने अर्याललाई गृहमन्त्रीको जिम्मेदारी दिने तयारी गरेको बताइन्छ । यसैगरी अर्थमन्त्रीको रुपमा वाग्लेलाई अघि सारेका लामिछानेले दुवैजनाको चित्त बुझाउनका लागि आधा आधा अवधि उपप्रधानमन्त्री हुने गरी मिलाउने सोच बनाएको पनि स्रोतले बतायो । यसका लागि पहिलो चरणमा अर्याल र दोश्रो चरणमा वाग्लेलाई राख्ने गरी सहमति जुटाएको पनि बताइएको छ ।

उता, प्रतिनिधिसभाको सभामुखमा पूर्व उपसभामुख इन्दिरा राना मगरलाई ल्याउने तयारी भैरहेको पनि बताइएको छ । यसैगरी उपसभामुखमा स्वतन्त्र सांसद महावीर पुनलाई राख्ने गरी व्यवस्था मिलाउने पनि सहमति भएको छ । म्याग्दीबाट स्वतन्त्र सांसदको रुपमा निर्वाचित पुनले मानेको खण्डमा उपसभामुख बनाएर राख्ने कुरामा बालेन र रविका बीचमा सहमति भएको पनि बताइएको छ । यसैगरी नेकपा (एमाले) का महासचिवशंकर पोख्रेललाई पराजित गरेका बिपिन आचार्यलाई पनि मन्त्री बनाउने चर्चा छ । उनलाई सामान्य प्रशासनमन्त्री बनाउने चर्चा चलेको छ । यस्तै एमालेका उपाध्यक्ष विष्णुप्रसाद पौडेललाई हराएका सुलभ खरेललाई कुनै मन्त्रालयको जिम्मेदारी दिने तयारी भैरहेको पनि बताइएको छ ।

यसैगरी गुल्मी १ बाट एमालेका पूर्व उपमहासचिव प्रदीप ज्ञवालीलाई हराएका सागर ढकाल, एमालेकै सचिव महेश बस्नेतलाई हराएका राजिव खत्री पनि मन्त्री बन्ने चर्चा चलेको छ । यस्तै, कुलमान घिसिङ्गलाई हराएका राजुनाथ पाण्डे, पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाको क्षेत्रबाट जितेर आउनु भएका डा. तारानाथ जोशी पनि मन्त्री बन्नेको सूचीमा परेको बताइएको छ ।

उता, कांग्रेसका सभापति गगनकुमार थापालाई हराएका डा.अमरेशकुमार सिंह, चितवनका हरि ढकाल, रेणु दाहाललाई हराएकी सोविता गौतम, काठमाडौं ४ बाट निर्वाचित पुकार बमको नाम पनि मन्त्री बन्नेमा चर्चामा छ । मन्त्रीहरुको संख्या बढाई २५ नै पुऱ्याउने अवस्था पनि आउन सक्ने स्रोतले बताएको छ । २१ जना मन्त्री र तीनजना राज्यमन्त्री बनाउने गरी सहमति भएमा गृहराज्यमन्त्रीमा पूर्व एआइजिपी विश्वराज पोखेल पर्ने बताइएको छ । यसैगरी मोरङबाट चर्चित नेता सुनिल शर्मालाई हराएका गणेश कार्की, डा. तोषिमा कार्की, मनिष झा, यज्ञमणि न्यौपाने, सुदन गुरुङको नाम पनि मन्त्री बन्नेहरुको सूचीमा रहेको भनी चर्चा चलिरहेको स्रोतले दाबी गरेको छ । उता, अघिल्लो प्रतिनिधिसभामा ठूला दल भनी चिनिएका नेपाली कांग्रेस, नेकपा (एमाले), नेकपा भने अहिले खुम्चिन पुगेका छन् । यसैगरी अघिल्लो निर्वाचनमा आफ्नो हैसियत देखाएका तराई मधेश केन्द्रित दलहरु अहिले भने शून्यको अवस्थामा पुगेका छन् ।

यस्तो अवस्थामा पुगेका ती दलहरु भने भावी रणनीतिका बारेमा छलफल तथा समीक्षामा केन्द्रित रहेका बताइएको छ । राष्ट्रियसभामा रा.स्व.पा.का कुनै पनि सदस्यहरु नरहेको स्थितिलाई लिएर यी दलले भोलिका दिनमा के कसरी आफूलाई संचालन गर्ने भन्ने थप नीति लिने गरी समीक्षा र छलफल चलाएको पनि बताइएको छ ।

लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
# नयाँ विमर्श
Naya Bimarsha Weekly

## किसानहरुका लागि सुवर्ण अवसर
रासायनीक मल न्यूनिकरण गर्दै
माटो सुधार्न, उत्पादन बढाउन, जैविक खेती गर्न
सबै किसिमको एकमात्र रोजाई
BLACk/Gold Brand का
भर्मी कम्पोष्ट, भर्मी प्लस (दानेदार मल)
सोयल केयर (कण्डिसनर), बायोपेष्टीसाइड (M-BTA)
प्रयोग र डिलरको लागि आजै सम्पर्क गर्नुहोस् ।
सम्पर्क नं. ९८०८०३२८२०/९८५११६६२३०
किसान स्मार्ट कन्ट्रयाक फार्मिङ नेपाल प्रा.लि.
इटहरी, सुनसरी, उद्योग देवचुली–१४, नवलपुर






## हार्दिक बधाइ तथा शुभकामना



नेपालको समृद्धिको लागि नेपालमा भ्रष्टाचारमुक्त समाज तथा सुशासनको आवश्यकतालाई मध्यनजर गरी नवपुस्ता (जेन-जी) हरुको विद्रोह तथा बलिदानीबाट बनेको हालका **प्रधानमन्त्री सुशीला कार्की**को नेतृत्वमा बनेको सरकारद्वारा यही २०८२ फागुन २१ गते नेपालमा प्रतिनिधिसभा सदस्यको लागि निर्वाचन सम्पन्न भयो। उक्त निर्वाचनबाट नेपालीजनको नयाँ आशाका रुपमा लिई **राष्ट्रिय स्वतन्त्र पार्टी (रा.स्व.पा.)** लाई नेपाली जनताले अपार मत दिई करिब दुई तिहाइ सांसदहरु निर्वाचित गरी पठाएको अवस्था छ। यस्तो खुशीको अवस्था आउनुमा **रा.स्व.पा.का सभापति रवि लामिछानेज्यू तथा वरिष्ठ नेता बालेन्द्र शाह (बालेन) ज्यू**प्रति नेपालीजनको अपार विश्वास तथा आशा पनि रहेको सर्वविदितै छ।

यसरी देशलाई नयाँ मार्गमा लानका लागि प्राप्त जनादेशमार्फत रा.स्व.पा.बाट निर्वाचित हुनु हुने सबै सांसदहरुलाई हार्दिक बधाइ ज्ञापन गर्दै आगामी दिनमा नयाँ सरकार बनाई जनहीतको लागि कार्य गरी नेपाल र नेपालीजनको सुनौलो भविष्य कोर्न तपाईंहरुको कार्यकाल सफल रहोस् भन्ने कामना गर्दछौं।



**कृष्ण बहादुर नगरकोटी**
मण्डनदेउपुर न.पा., काभ्रेपलाञ्चोक
तथा
**प्रविधि कन्स्ट्रक्सन प्रा.लि.परिवार**

## तनाव व्यवस्थापनका तरिका

- नियमितरुपमा ध्यान,योग र व्यायाम गरौं।
- परिवार र आफ्नो विश्वासिलो साथीसँग खुलेर कुरा गरौं।
- पर्याप्त निन्द्र र आराम गरौं।
- स्वस्थ र सन्तुलित खाना खाने गरौं।
- आफ्नो रुचीका गतिविधिमा संलग्न हुने गरौं।
- काम र विश्रामबीचको सन्तूलन राख्ने गरौं।

**तनाव व्यवस्थापन गरौं, स्वस्थ्य जीवन बाँचौं।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**




Chief-Editor/Publisher : **Koushal Kumar Bhattarai,** Editor : **Krishna Lamsal** Executive Editor : **Piamani Bhattarai,** Legal Advisor : **Advocate Hari Sharan Jamakatel,**
Chief Reporter: R. Aryal, International News Coordinator: S. Bhattarai,, I.T. Chief: Spandan Bhattarai, Computer Designer: Roshan Gyewali, Press :- Saptarshi Publication, Mitrapark , Kathmandu
Main Office : **Madhyapur Thimi- 3, Bhaktapur, Kathmandu Office-Babar Mahal, Kathmandu,** Phone :- 977-1-5367064, Email : **nayabimarsha@gmail.com**